जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष १२ अंक ४, २०८० साल वैशाख २२ गते शुक्रबार, नेपाल संवत् ११४३ (May. 5, 2023) Website : www .greaternepal .com .np मूल्य रु. १० ।–

## राष्ट्रपति पौडेलको प्रशंसनीय निर्णय

काठमाडौं । राष्ट्रपति रामचन्द्र पौडेलले भारतमा लागेको उपचार खर्च आफैँ बेहोर्ने भएका छन् । उनले भारतको नयाँ दिल्लीस्थित अखिल नेपाल भारतीय आयुर्विज्ञान संस्थान (एम्स) मा उपचार गर्दा लागेको खर्च आफैँ बेहोर्ने भएका हुन् । राष्ट्रपतिका प्रेस संयोजक खिला कार्कीले एम्समा भएको उपचार खर्च राष्ट्रपति आफैँले ब्यहोर्न चाहेको बताएका छन् । नेपाली कांग्रेसका महामन्त्री तथा प्रतिनिधिसभा सदस्य गगन थापाले राष्ट्रपतिलाई आफ्नो उपचार खर्च आफैँ बेहोर्न **बाँकी ८ पेजमा**

## विश्वभर मनाइयो प्रेस स्वतन्त्रता दिवस

काठमाडौं । मे ३ मा विश्व प्रेस स्वतन्त्रता दिवस भव्य रुपमा विश्वभर मनाइएको छ । पूर्ण प्रेस स्वतन्त्रताको वातावरण सुनिश्चित गर्न तथा प्रेस स्वतन्त्रता नखोसियोस भन्ने उदेश्यसहित विभिन्न कार्यक्रम गर्दै नेपालसहित विश्वभर मनाइएको हो ।

'स्वतन्त्र एवम बहुलवादी प्रेसका लागि विन्डहक घोषणापत्र' जारी गरेको दिनको सम्झनामा विश्वभरी प्रेस स्वतन्त्रता दिवस विभिन्न कार्यक्रम गरी मनाइएको हो । संयुक्त राष्ट्र संघीय **बाँकी ८ पेजमा**

# वैकल्पिक राजनीतिक शक्तिप्रति बढ्दो जनाकर्षण

काठमाडौं । केही वर्षअघि न्यूयोर्क टाइम्समा प्रकाशित फिलिप पी प्यानको आलेख 'द ल्यान्ड द्याट फेल्ड टु फेल' मा चीनले कसरी प्रगति गऱ्यो भन्ने महत्वपूर्ण सन्दर्भ दर्शाएका छन् । सन ८० को दशकको मध्यतिर चिनियाँ कम्युनिस्ट पार्टीसँग आबद्ध केही युवा विद्यार्थीहरूको एउटा समूह सांघाइभन्दा अलिपर मोगानसानको पहाडमा भेला भए । उनीहरूको एउटै एजेन्डा थियो, चीनलाई कसरी अगाडि बढाउने भन्ने विभिन्न विषयमा अध्ययनरत विद्यार्थीसँग विज्ञता र अनुभव थिएन । थियो त ऊर्जा अनि उत्सुकता मात्र । उनीहरू अर्थतन्त्र डुब्नेमा चिन्तित थिए अनि पार्टी नेतृत्वलाई पनि सजय गराउँदै थिए । एकरात उनीहरूले एउटा प्रस्ताव राखे । उद्योगहरूले राज्यले तोकेको उत्पादनको न्यूनतम लक्ष्य पूरा गरेपछि उनीहरूले बाँकी सामान चाहेको पैसामा बेच्न पाउँछन् । यो तत्कालीन चिनियाँ अर्थतन्त्रको मोडलभन्दा पृथक प्रस्ताव थियो । यस विचारले त्यही कोठामा रहेका पार्टी अधिकारीहरूलाई समेत सोच्न बाध्य बनायो । यो विचार नै पछि चीनको आर्थिक क्रान्तिको कोसेढुंगा सावित भयो ।

त्यो टोलीले लामो समय देशको नीति एवं कार्यक्रमबारे पर्दा पछाडि मिलेर काम गरे । परिणाम देश पनि सफल भयो । अनि उनीहरू पनि सफल भए । त्यही कोठामा रहेका सुनचिङ केही वर्षपछि अर्थनीति विज्ञका रुपमा अगाडि आए । अर्का युवाले केन्द्रीय बैंकमा डेढ दशक नेतृत्व गरे । अर्का युवा अर्थमन्त्री बने । वान क्विन सान सबभन्दा सफल सावित भए । उनले सुरुमा कृषिविज्ञ भएर योगदान गरे र पछि चीनको पहिलो लगानी बैंकको नेतृत्व गरे । सन् १९९७ मा सुरु भएको एसियाको आर्थिक मन्दीबाट पनि देशलाई पार लगाए । उनी बेइजिङको मेयर हुँदै दोस्रो प्रमुख व्यक्तित्वको रुपमा चीनका उपराष्ट्रपति बने । मोगानसानको भेलामा सम्मिलित यी युवाको योगदान अनि नेतृत्वको चीनको विकासमा निकै ठूलो योगदान छ । यिनैले चीनको सफलताको नक्सा कोरे ।





सन् २००२ मा सिंगापुरका तत्कालीन प्रधानमन्त्री गोचेड तोडले राज्यका पाँच मान्यताहरूको घोषणा गरे । समुदायभन्दा माथि राष्ट्र, व्यक्तिभन्दा माथि समाज, व्यक्तिलाई सम्मान, द्वन्द्वको बदला सहमति, जातीय प्रादेशिक सामञ्जस्य । यिनै मान्यताहरूमा सिंगापुर अघि बढिरहेको छ । शान्त र समृद्ध छ सिंगापुर अनि बेहद खुसी छन् त्यहाँका नागरिक । प्रशासनको नमुना छ सिंगापुर । एसिया महादेशको सुदूरपूर्वमा अवस्थित, ब्रिटिश साम्राज्यको सामुद्रिक भूमिकाका रुपमा रहेको सिंगापुर मलेसियाली महासंघबाट सन् १९६५ मा स्वतन्त्र राष्ट्र बनेको हो । ली क्वान युले फ्रम थर्ड वर्ल्ड शीर्षक पुस्तकमा सुरुआती दिनका संकटबारे लेखेका छन्– स्वतन्त्रतापछि स्वाधीन भएर बाँच्न निकै संघर्ष गर्नुपऱ्यो । सिंगापुर वास्तवमा नयाँ देश थिएन यो त तत्कालीन ब्रिटिश साम्राज्यले निर्माण गरेको एउटा सामुद्रिक व्यापारी केन्द्र र मानव निर्मित देश थियो । हामीले बन्दरगाह बिनाको टापु हात पाऱ्यौं, जसलाई शरीर बिनाको मुटुभन्दा फरक पर्दैन । मलेसियाबाट छुट्टिँदा प्रतिव्यक्ति आय १००० डलर भएको सिंगापुरको अहिले प्रतिव्यक्ति आय ८०००० डलर पुगेको छ जुन आफैंमा ठूलो चमत्कार हो ।

असाधारण प्रतिभा भएका नेताहरूले जस्तोसुकै प्रतिकूलतामा पनि चमत्कारिक विकास गर्न सक्छन् भन्ने उदाहरण ली क्यान युले दिएका छन् । सिंगापुर कसरी सफल मुलुक बन्यो भनेर कसैले सोधे मेरो एउटै शब्दमा उत्तर हुन्छ,– दृढ विश्वास । ली क्वान युले भनेका छन् । सिंगापुर वित्तीय केन्द्र बन्ने आधार नै कानुनी शासन, स्वतन्त्र न्यायपालिका, स्थिर, सक्षम र इमानदार सरकार अनि नीतिगत स्थायित्व नै हुन् । ली क्वान युको पिपुल्स एक्सन पार्टीले सिंगापुरमा सुशासनका लागि अभियान चलायो । सुशासनका सबै सूचकमा सिंगापुर सन् १९९६ देखि २०१६ सम्म सय प्रतिशत प्राप्तांश प्राप्त गरिरहनु चानचुने उपलब्धि होइन । अख्तियारको दुरुपयोग र तजबिजी अधिकारको दुरुपयोग हुने क्षेत्रमा विशेष निगरानी राख्दै अनियमितता रोक्न सबै संयन्त्र परिचालन गरेर सिंगापुरले भ्रष्टाचार नियन्त्रणमा अतुलनीय सफलता हासिल गर्न सकेको छ । राजनीति, कर्मचारीतन्त्र, निजी **बाँकी ८ पेजमा**

## चामल आयात झन् बढ्दै

काठमाडौं । चालु आर्थिक वर्षको ९ महिनामा २९ अर्ब १९ करोड १८ लाख रुपैंयाँ बराबरको चामल तथा धान आयात भएको छ । ६३ करोड ६२ लाख केजी चामल तथा धान आयात गर्दा उक्त रकम भुक्तानी गरेको भन्सार विभागको सार्वजनिक गरेको तथ्यांकले देखाएको छ ।

नेपालको मुख्य खेतीको रुपमा धान रहेको छ । यसमा पनि चैते धान र वर्षे धान गरी दुई पटक लगाउने प्रचलन रही आएको छ । चैते धान अन्तर्गत ६ जातका बीउहरू रहेका छन् भने वर्षे धान तर्फ ९८ वटा जातका धानका बीउहरू रहेका छन् । सरकारले हरेक वर्ष धानको उत्पादन बढ्दै गएको जनाए पनि धान लगाउने क्षेत्रफल र उत्पादन घट्दै गइरहेको छ । गत आर्थिक वर्षमा **बाँकी ८ पेजमा**

## एसिया कपमा नेपालको पहिलो प्रवेश



काठमाडौं । नेपालले एसीसी प्रिमियर कप क्रिकेटको उपाधि जितेको छ । फाइनलमा नेपालले यूएईलाई ७ विकेटले हराउँदै उपाधि उचालेको छ । यूएईलाई पराजित गरेर एसीसी प्रिमियर कप क्रिकेट जित्दै नेपालले अब एसिया कप खेल्ने छ । नेपालले पहिलो पटक एसिया कप खेल्न लागेको हो । नेपाल सेप्टेम्बरमा पाकिस्तानले आयोजना गर्ने एसिया कपमा छनोट भएको छ । मंगलबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा यूएईले ३३.१ ओभरमा सबै विकेट गुमाएर नेपाललाई १ सय १८ रनको लक्ष्य दिएको थियो । सोमबार नेपालले टस जितेपछि ब्याटिङमा आएको यूएईले २७.३ ओभरमा ९ विकेट गुमाई १ सय ६ रन **बाँकी ८ पेजमा**

## राजनीतिक तहलाई किन छुँदैन प्रहरी ?

काठमाडौं । नक्कली भूटानी शरणार्थी बनाएर नेपाली नागरिकलाई अमेरिका पठाउने भन्दै ठगी गर्ने गिरोहमा संलग्न रहेको आरोपमा प्रहरीले पूर्वगृहमन्त्री रामबहादुर थापा बादलका सुरक्षा सल्लाहकार सुरक्षाविद् डा. इन्द्रजित राईलाई मात्र किन पक्राउ गऱ्यो ? पूर्वगृहमन्त्री थापालाई भने किन उन्मुक्ति दियो भन्ने प्रश्न सर्वसाधारण नागरिकहरूले उठाउन थालेका छन् । इन्द्रजित त बादलका सल्लाहकार मात्र हुन् । उनको सल्लाह पूर्वगृहमन्त्री थापाले माने कि मानेनन् ? प्रहरी किन खोजी गर्दैन ? एकजना सुरक्षा सल्लाहकारले त्यत्रो सेटिङ गृहमन्त्रीको चासो बिना कसरी गर्न सक्छ ? अमेरिका पठाउने ठगी गिरोहमा तत्कालीन गृहमन्त्री थापाको संलग्नतालाई प्रहरीले नजरअन्दाज गर्न मिल्दैन । थापाको स्वीकृतिबिना उनका सल्लाहकारले गृह मन्त्रालयमा सहजीकरण गर्न सक्दैनन् । गहमन्त्री, सचिव, सुरक्षा सल्लाहकार





सबैको मिलिभगतमा नै नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने साजिस भएको हो भन्ने कुरा दिनको घामजस्तै छर्लंग छ ।

रामबहादुर थापा बादल मात्र होइन एमाले नेता टोपबहादुर रायमाझी र कांग्रेस नेतृ सुजाता कोइरालाको पनि गिरोहमा प्रत्यक्ष संलग्नता देखिएकोमा सायद प्रहरी अनभिज्ञ छैन । केशव दुलाललाई गिरोहको मुख्य नाइके मानिएको छ । उनी सुजाता कोइरालाका तत्कालीन सचिवालय सदस्य हुन् । सुजाता किचेन क्याबिनेटका मान्छे । दुलालको सम्बन्ध सुजातासँग अहिले पनि हार्दिकतापूर्ण नै छ । नक्कली शरणार्थी खोज्ने मात्र हुन् दुलाल । नक्कली शरणार्थी बनाएर अमेरिका पठाउने आँट गर्ने मूल गिरोह तत्कालीन गृहमन्त्री थापा, टोपबहादुर रायमाझी, सुजाता कोइराला मुख्य हुन् । उनीहरू नेपथ्यमा रहेर काम गरेको प्रस्ट छ । दुलाल, सानु भण्डारी, अशोक पोखरेल, सन्देश शर्मा, सागर राई, टंक गुरुङसँग मिलेर आर्थिक लेनदेन गर्ने रामबहादुर थापाका छोरा, रायमाझीका छोरा, इन्द्रजितका छोराहरू हुन् । इन्द्रजितको छोरालाई प्रहरी **बाँकी ८ पेजमा**

## अमेरिकाको तेस्रो बैंक पनि टाट पल्टियो

काठमाडौं । दुई महिनाभित्र अमेरिकामा तेस्रो बैंक टाट पल्टिएको छ । नियमनकारी निकाय फेडेरल डिपोजिट इन्स्युरेन्स कर्पोरेसनले फर्स्ट रिपब्लिकन बैंक टाट पल्टिएको जनाएको छ । कर्पोरेसनको मध्यस्थतामा जेपी मोर्गनले सो संकटग्रस्त बैंकलाई स्वामित्व ग्रहण गरेको छ ।

जेपी मोर्गन फर्स्ट रिपब्लिकन बैंकको १ खर्ब ७३ अर्ब अमेरिकी डलरको कर्जा लगानी, ३० अर्ब बचतपत्र साथै ९२ अर्ब अमेरिकी डलरको बचतको टेकओभर गरेको हो । जेपी मोर्गन र कर्पोरेसनबीच यसबाट हुने घाटा दुवैले बेहोर्ने पनि सहमति भएको छ । मार्च महिनामै बचतकर्ताहरूले सन फ्रान्सिस्कोमा मुख्यालय रहेको बैंकबाट १ खर्ब अमेरिकी डलर निकालेपछि त्यसको शेयर मूल्य ७५ प्रतिशतले घटेको थियो । गत मार्चमा सिलिकन भ्याली बैंक र सिग्नेचर बैंक टाट पल्टिएको थियो । जसले बैंकिङ संकट **बाँकी ८ पेजमा**

## आर्थिक वृद्धिदर २.१६ प्रतिशत पुग्ने प्रक्षेपण

काठमाडौं । चालू आर्थिक वर्षमा आर्थिक वृद्धिदर २.१६ प्रतिशत पुग्ने राष्ट्रिय तथ्यांक कार्यालयले प्रक्षेपण गरेको छ । तेस्रो त्रैमासिकसम्मको यथार्थ गणना तथा चौथो त्रैमासिकको अनुमानित आर्थिक क्रियाकलापका आधारमा कार्यालयले मंगलबार सो प्रक्षेपण गरेको हो । निर्माण र खानी क्षेत्रमा आएको उल्लेख्य गिरावटका कारण समग्र आर्थिक वृद्धिदर प्रभावित हुने कार्यालयले आकलन छ । यो अनुमानित वृद्धिदर बजेटको लक्ष्यभन्दा निकै कम रहेको छ । सरकारले चालू वर्षको बजेटमा ८ प्रतिशत आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य लिएको थियो । सरकारले **बाँकी ८ पेजमा**

## बुद्ध पुर्णिमामा उपछायाँ चन्द्रग्रहण



काठमाडौं । चन्द्र ग्रहणको एउटा भौगलिक घटना मानिन्छ । यो सालको पहिलो चन्द्रग्रहण आज लाग्दैछ । यस बर्षको चन्द्रग्रहण यस अर्थमा पनि खास छ कि यो बुद्ध पुर्णिमाका दिनमा लाग्दैछ, जो १३९ बर्ष पछि लाग्न लागेको हो ।

यो चन्द्रग्रहण तुला राशी र स्वाती नक्षत्रमा लाग्दछ । आज राती ८ बजेर ४४ मिनेटदेखि सुरु भएर मध्यरात अर्थात **बाँकी ८ पेजमा**

## एआईजीहरू सीमा क्षेत्र अनुगमनमा

काठमाडौं । सीमा क्षेत्रमा चोरीतस्करी नियन्त्रण नभएको गुनासोपछि प्रहरी प्रधान कार्यालयले चार एआइजीलाई अनुगमनमा खटाएको छ । स्थलगत रूपमा कारबाहीको अधिकारसहित चार प्रदेशमा चार एआइजीको नेतृत्वमा विशेष अनुगमन खटाइएको हो ।

कोशी प्रदेशमा टेकप्रसाद राई, मधेसमा मीरा चौधरी, लुम्बिनीमा टेकबहादुर तामाङ र सुदूरपश्चिम प्रदेशमा सुदीप गिरीको नेतृत्वमा अनुगमन **बाँकी ८ पेजमा**

## हराउँदै नेपाली भाषा र संस्कृति

समय सन्दर्भ

**युवराज गौतम**

हिमाली क्षेत्रको समाज र सभ्यता पृथक छ । पहाड एवं तराईभन्दा धेरै फरक छ त्यो । टेथिस सागर क्षेत्रमा ठूलो उथलपुथल हुँदा नेपालमा हिमालय, पहाड र तराई बनेको भूगोलविद्हरूले लेखेका छन् । लाखौं वर्षपहिले अर्थात 'रामापिथेकस' युगदेखि नै सभ्यता पुष्पित-पल्लवित हुँदै आयो, हिमवत्खण्डमा ।

कोसी, वाग्मती, गण्डकी र कर्णालीको सभ्यता जस्तै मैथिली भाषा, संस्कृति र सभ्यता, अवधि सभ्यता र किराँतकालदेखि तमोर आसपासमा विकसित सभ्यता बचाउने हो भने राष्ट्रलाई विदेशी (फिरङ्गी भन्थे हाम्रा पुर्खाले) धर्म/संस्कृतिको दुष्प्रभावबाट बचाउन सकिन्थ्यो ।

युरोप-अमेरिकातिर बसेका नेपालीमध्ये केहीले 'मेरा सन्तानले



नेपाली भाषा बिर्सिसके' भनेर प्रसन्न भएको सुन्दा मुटु चसक्क दुख्छ । काठमाडौँमा हुर्केर दुई-चार घण्टा माघी, उँधौली-उँभौली, ल्होसार, छठ, गौरा आदि पर्वमा रमाउँदा कर्तव्य पूरा हुँदैन । अन्तरहृदयमा सन्तति नेपालमै नबसून् भन्ने सोच छ भने त्यो राष्ट्रप्रतिको इमान ठहरिँदैन । आमा दरिद्र भइन् भनेर धनी सानिमाका घरमा दास हुन खोज्ने प्रवृत्ति बढ्दै गएको छ । मिठो खाने, राम्रो लाउने र धन कमाएपछि स्वतः सुखी हुन सकिन्छ भन्ने सोचले राष्ट्र अनन्तकालसम्म सभ्यताबाट टाढिँदै जान्छ ।

झण्डै तीन करोड जनसंख्या भएको नेपालमा घरमा नेपाली भाषा बोल्ने मानिसको संख्या १ करोड १८ लाख २६ हजार ९५३ छ । झण्डै ३१ हजारले मैथिली भाषा बोल्छन् । १५ लाख ८४ हजार ९५८ ले भोजपुरी भाषा बोल्छन् भने घर-व्यवहारमा थारू भाषा बोल्ने १५ लाख २९ हजार ८७५ छन् । झण्डै १४ लाख जनताले तामाङ भाषा बोल्छन् । नेवारी बोल्ने ८ लाख ४६ हजार ५५७ छन् । विदेशतिरै बस्ने गरेकाले मात्र होइन, थोरै सन्तान जन्माउने, अन्तरजातीय विवाह गर्ने अंग्रेजी माध्यममा शिक्षादीक्षा लिने प्रथा बढेकाले अरूको तुलनामा आर्थिक दृष्टिले समृद्ध नेवारी समाजमा भातृभाषामा कुराकानी गर्ने चलन घट्दै गएको पाइन्छ ।

शेर्पा भाषा बोल्ने (१ लाख १४ हजार ८३०) भन्दा राजवंशी भाषा बोल्ने धेरै छन् । १ लाख २२ हजार २१४ जनाले राजवंशी भाषा बोल्छन् । यस्तै, विदेशतिर बढी 'रमाउने र कमाउने' भनेर चिनिएको गुरुङ भाषा बोल्नेहरू नेपालमा ३ लाख २५ हजार ६२२ मात्र छ ।

राई, लिम्बू, मगर आदिको पीडा त्यस्तै छ । झण्डै पचास वर्ष नेपाली पत्रकारितामा सक्रिय खिलध्वज थापा (बाग्लुङ) लाई मगर भाषाप्रति जति मोह छ, उहाँका सन्ततिमा त्यो नहुनु स्वाभाविक हो । परम्परागत सभ्यताप्रतिको आस्था प्रकारान्तरले भाषासँग जोडिन्छ । **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

संवाददाता
रामशरण रिमाल

सहायक सम्पादक/संवाददाता
गोविन्द विक

आजीवन सल्लाहकार
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. पिताम्बर रावल, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, श्री घनश्याम राजकर्णिकार, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, श्री पुण्यप्रसाद पौडेल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

मुद्रक : धिम्ले अफसेट प्रिन्टर्स, अनामनगर, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४४९६८१८,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

## असामान्य स्थिति

जीवनभर भविष्यका राष्ट्रका कर्णधार जन्माउन अथक मेहनत गर्ने शिक्षकहरूको हालत अहिले नाजुक देखिएको छ । निजामती सेवामा काम गर्ने कर्मचारीहरूभन्दा फरक ढंगले जनतासँग प्रत्यक्ष जोडिएर उनीहरूका सन्तानलाई सुयोग्य बनाउन गुरूको भूमिका निर्वाह गरी आफूमा रहेको असीमित ज्ञान प्रवाह गर्ने नागरिक हुन् शिक्षकवर्ग । यस्तो बौद्धिक वर्गको राज्यले कदर गर्नुपर्ने हो । शिक्षकहरूको जीवन उत्तरार्द्धमा उनीहरूले राज्यबाट पाउने भनेको सुविधा नै पेन्सन हो । यसका अतिरिक्त केही शिक्षकहरूले ट्युसनबाट आफ्नो आम्दानी गरे होलान् तर अधिकांश शिक्षकहरू न्यूनतम सरकारी तलब सुविधामा आफ्नो र परिवारको जीवनभर गुजारा चलाइरहेका छन् । राज्य तहमा पनपनाएको भ्रष्टाचारको गन्ध शिक्षकहरूले सुँघ्न पाउने कुरै आएन । विभिन्न मालदार अड्डाहरूमा काम गर्ने सामान्य कर्मचारीहरूको जीवनशैली बडो विलासी छ । उनीहरूको अतिरिक्त आम्दानी भनेको घूस नै हो । तर शिक्षकहरू त्यस्ता अभागी जमात हुन् राज्यले दिएको तलबबाहेक आफूले परिश्रम नगरी अन्य आम्दानीका कुनै स्रोतहरू छैनन् । विद्यालयमा पढाउँदा पढाउँदै केश र दाह्री फुलेका आँखाको रोशनी कमजोर भएका र शरीरका छालाहरू चाउरी पर्न थालेको अवस्थामा उनीहरू सेवा निवृत्त हुन्छन् । उनीहरूको बुढेसकालको गुजारो भनेकै राज्यले प्रदान गर्ने पेन्सन हो । आश्चर्य छ यस्ता राष्ट्रवादी शिक्षकहरूले राज्यबाट पाउने यो सुविधासमेत अहिलेसम्म पाउने नसकेको समाचार सार्वजनिक भइरहेको छ । यसले मुलुकको अर्थतन्त्र विस्तारै धराशायी बन्दै गएको र देश नै टाट पल्टिने अवस्थामा पुग्दै गएको संकेत गर्छ ।

सेवा निवृत्त शिक्षकहरूले तीन महिनादेखि पेन्सन पाउन सकेका छैनन् । अन्य कर्मचारीको पेन्सन दुई महिनादेखि रोकिएको छ । कतिपय स्थानीय तहका कर्मचारीहरूले चैत महिनाको तलब पाएका छैनन् । सामाजिक सुरक्षा भत्ता हरेक तीन/तीन महिनामा उपलब्ध गराइने चलन थियो, तर यसपटक डेढ साता म्याद नाघिसकेको छ । निर्माण व्यवसायीहरूले पनि काम सकिँदासमेत भुक्तानी नपाएको जनाएका छन् । यता देशको ढुकुटी रित्तिएका कारण कर्मचारीलाई तलब खुवाउनसमेत ऋण लिनुपर्ने अवस्था आएको भनेर मन्त्रीहरू भाषण गर्दै हिँड्न थालेका छन् । तर यसका लागि सरकारले ठोस कदम चालेको देखिँदैन । पेन्सन, सामाजिक सुरक्षा भत्ता, तलब तथा निर्माण व्यवसायीहरूले पाउनुपर्ने रकम भुक्तानी गर्न जति ढिलाइ हुँदै जान्छ अर्थतन्त्रमा त्यति नै समस्या बढ्दै जान्छ । सरकारले भुक्तानी दिन नसक्दा बजारमा नगद (मुद्रा) प्रवाह घट्छ । नगद प्रवाह घट्नासाथ निजी क्षेत्रको रोजगारी घट्छ, बैंकमा तरलताको संकट हुन्छ । सरकारको आम्दानी झन् घट्छ ।

राज्यको आम्दानी घटेका कारण अहिले पेन्सन, तलब, सामाजिक सुरक्षा भत्ता लगायतका भुक्तानीमा समस्या उत्पन्न भएको हो । समयमै भुक्तानी नहुँदा राज्यको आम्दानी झन् घट्छ । राज्यको आम्दानी जति घट्दै जान्छ भुक्तानी समस्या त्यति नै बढ्दै जान्छ । यो त अर्थतन्त्रको एउटा चक्र हो । त्यो चक्रलाई तोड्न जति ढिलाइ भयो, मुलुकको अर्थतन्त्र त्यति नै डरलाग्दो बन्ने निश्चित छ । यो कुरा अर्थशास्त्रका ज्ञाता वर्तमान अर्थमन्त्री डा.प्रकाशशरण महतले महसुस गरेकै हुनुपर्छ । चालु आर्थिक वर्षको साढे आठ महिनाको अवधिमा ६ खर्ब ७४ अर्ब ७८ करोड रूपैयाँ बराबरको मात्र राजस्व संकलन भएको छ भने साधारण खर्च खर्च ८ खर्ब ६४ अर्ब ७८ करोड रूपैयाँ माथि पुगेको सरकारी तथ्यांकले देखाएको छ । साधारण खर्च धान्नसमेत करिब दुई खर्ब रूपैयाँ अपुग भइसकेको छ । आगामी असारसम्ममा तीन खर्ब रूपैयाँ अपुग हुने निश्चितजस्तै छ । राज्यको आम्दानीले साधारण खर्चसमेत धान्न नसक्ने अवस्था उत्पन्न हुनु भनेको ज्यादै नै असामान्य स्थिति हो ।

सरसर्ती हेर्ने हो भने यस्तो अवस्थामा खर्च घटाउने र आम्दानी बढाउनेबाहेक अर्को उपाय देखिँदैन । तर कतिपय खर्चहरू यस्ता हुन्छन्, जुन खर्च घटाउँदा आम्दानी पनि घट्छ । यस्ता खर्चलाई पुँजिगत खर्च भनिन्छ । विगतमा पुँजिगत खर्च घटेका कारण र दुरूपयोग भएका कारण राज्यको आम्दानी घटेको हो । तत्कालका लागि एक मात्रै उपाय भनेको यथाशक्य छिटो ऋण लिएर पेन्सन, तलब भत्ता तथा अन्य रकम भुक्तानी गरी बजारमा नगद प्रवाह बढाउनु हो । दीर्घकालीन उपाय भनेको साधारण खर्च घटाउँदै लैजाने र पुँजीगत खर्च बढाउँदै लैजाने हो । साधारण खर्च घटाउनका लागि कर्मचारीको संख्या कटौतीबाहेक अर्को उपाय छैन । औसत आयभन्दा दोब्बर बढी कमाइ गर्ने वर्गलाई सामाजिक सुरक्षा भत्ता दिइरहनु भनेको पनि मुलुक डुबाउनु हो । उदाहरणका लागि विश्वकै अर्बपतिको सूचीमा आफ्ना नाम दर्ज गराउने व्यक्तिहरूलाई मासिक चार हजार रूपैयाँ वृद्ध भत्ता दिइरहनुको कुनै अर्थ रहन्न ।

# बानेश्वर काठमाडौंदेखि कमलबजार अछामसम्म : एक साहसिक यात्रा अनुभव



सुरेन्द्र ढकाल









उहाँको नाम देवेन्द्र संजेल । कसरी हो कुन्नी हामी दुई फेसबुक मित्र बन्न पुग्यौं । त्यो बेला उहाँ अछाम कमलबजारस्थित दुर्गम गाउँको कालिका आधारभूत विद्यालयको प्रधानाध्यापक हुनुहुन्थ्यो । विद्यालय भवन जिर्ण भएको कारण उहाँले राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रबाट कोष संकलन गरी दुई तले चारकोठे नयाँ विद्यालय भवन निर्माण कार्य सुरु गर्नुभएको थियो । हरेक नयाँ व्यक्ति वा संस्थाले विद्यालय निर्माणका लागि चन्दा दिँदा उहाँले फेसबुकमार्फत सबैलाई जानकारी गराउनु हुन्थ्यो । त्यसै क्रममा उहाँले मेरो प्रतिष्ठानसँग पनि सहयोगका लागि अनुरोध गर्नुभयो ।



नचिनेको व्यक्ति हुँदा मैले आफूले चिनेको कैलालीका श्री परेक रावल तथा अछाम कमलबजारकै श्री दिलबहादुर विष्टसँग सम्पर्क राखी उहाँ दुईको सिफारिस पठाउन देवेन्द्रजीलाई अनुरोध गरेबमोजिम उहाँले सिफारिस पत्र पनि पठाउनु भयो । तत्पश्चात विद्यालय भवन निर्माणको लागि नभै नयाँ विद्यालयको कक्षा कोठाको लागि आवश्यक रु १ लाख ५० हजारको डेस्क बेन्च सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए । सोहीअनुरुप यही बैशाख महिनाको पहिलो हप्तामा देवेन्द्रजीले मलाई खबर गरी डेस्क बेन्च तयार भएको जानकारी गराउनुभयो र मैले दिल बहादुरजीसँग सम्पर्क गरी बैशाख १८ गते आफू कमलबजार आउने जानकारी गराएँ र १७ गते बिहानैको बिमानबाट म नौ बजे सुर्खेत विमानस्थल ओर्लिएँ । त्यहाँबाट मैले देवेन्द्रजीलाई आफू आइपुगेको खबर गरेपछि उहाँले मलाई कर्णाली राजमार्गको बड्डिचौर आउन भन्नुभयो । विमानस्थलबाट टेम्पो लिई सुर्खेत बसपार्क र त्यहाँबाट माइक्रो बस लिई म ११:३० बजे बड्डिचौर पुग्दा देवेन्द्रजी कैलालीको लम्कीबाट आफनै मोटरसाइकलमा त्यहाँ आइपुगी सक्नुभएको रहेछ ।



अभिवादनको आदानप्रदानपश्चात त्यहींको एक रेस्टुराँमा हामीले खाना खायौं र लेकको बाटो मोटरसाइकलबाट कमलबजार पुग्ने उहाँले मलाई बताउनुभयो । पक्की राजमार्ग जाँदा १८० किलोमिटरको दूरी अनि लेकबाट झोलुंगे पुल पार गर्दै जाँदा ८० किलोमिटर मात्रै हुने र ४ घन्टामा नै कमलबजार पुगिने उहाँले मलाई बताउनुभयो । पानी पर्लाजस्तो अवस्था मोटरसाइकलमा लेकको बाटो ४ घन्टा यात्राभन्दा पहिले त मलाई डर लागेर आयो तर बाबुआमाले आफूलाई छोडेर गइसकेको र केही भइहाल्यो भने पनि बाबुआमाको बिचल्ली नहुने अनि आफ्नो एकलो ज्यान देश र गरिब जनताकै लागि हो नि भन्ने मनमा लाग्नासाथ डर एक्कासी हरायो र ठिक १२ बजे हुइँकियौं हामी दुई मोटरसाइकलमा अछामतिर ।

बड्डिचौर, बाबियाचौर हुँदै दुई घन्टामा ३५ किलोमिटर पार गर्दा हामी पञ्चपुरी माछा झुण्डाएको रेस्टुराँ अनि पसलहरू रहेछन । त्यहाँ एकएक कप अदुवा मरिच हालेको कालो चिया पिइ झोलुंगे पुल तर्दै सुर्खेत जिल्ला छोडी अछाम जिल्लाको तुरखाद गाउँ क्षेत्रको लेक चढ्नतर्फ लाग्यौं । करिब एक घन्टामा लेकमा पुग्दा पातलो पानी परिरहेको ज्यादै जाडो थियो । त्यसैले मोटरसाइकल रोकी एक चिया पसलमा छिरी पुनः एकएक कप कालो चिया पिइ पानी रोकिनासाथ हामी अगाढि बढ्यौं । जाडो बेस्सरी बढेको थियो, मेरो खुट्टा र घुँडा चिसोले कठयाङग्रिएर हिउँजस्तो भइसकेको थियो । करिब दुई घण्टा मोटरसाइकलमा गाउँपालिकाको १९०० मिटरको सबैभन्दा अग्लो लेकमा आइपुग्यौं । त्यहाँको एक छेउबाट पूर्वतर्फ बाबियाचौर उपत्यका र भेरी नदी अनि अर्को छेउबाट तल कर्णाली बगिरहेको अति मनोरम दृश्य देखिदो रहेछ । लेकको जाडो, अलि अलि चिप्लोबाटो मोटरसाइकल यात्रा सहज अवश्यै नै थिएन । सानो गल्तीले पनि ज्यान सजिलै जाने अनुमान गर्न सकिन्थ्यो । तर देवेन्द्रजी धेरैपटक त्यो बाटो भई मोटरसाइकलमा आवतजावत गरी सिद्धहस्त भइसक्नुभएको रहेछ । त्यसैले मेरो डर विस्तारै कम हुँदै गयो । अनि हामी तल झर्न सुरु गर्‍यौं र ३ बजे सुर्खेत र अछाम जिल्ला जोडने छाप्रेस्थित झोलुंगे पुल भएको जंगलघाट आइपुग्यौं ।



कर्णाली नदीको किनार आलो र सुकेको लेकको तेर्सो बाटो अनि सल्लाको सुकेका पातहरू कुल्चदै कमलबजार पुग्दा बेलुकाको ५ बजिसकेको थियो । देवेन्द्रजीले मलाई सोझै त्यहाँको एक होटलको भान्साघरमै पुऱ्याउनु भयो । चुलामा ह्वारह्वारती दाउरा बलिरेहको थियो । हामी दुई जना चुलोमै टाँस्सियौं र पुनः कालो चिया खानतर्फ लाग्यौं । यसै बीच दिलबहादुरजी पनि आइपुग्नु भयो र विद्यालयको ५ मिनेटको दूरीमा आफ्नो घर भएको बताउँदै होटलमा नबस्न अनुरोध गर्नुभयो । उहाँको अनुरोधलाई स्विकार्दै हामी तीनै जना दिलबहादुरजीको घरमा गयौं । तात्तातो खाना तयार रहेछ मज्जाले खायौं । देवेन्द्रजी भने पहिलेको आफ्नो डेरामा सुत्न जानुभयो र म भने दिलबहादुरजीको मैं बसे र भोलिपल्ट बिहानै रोटी तरकारी खाइ ८ बजे कालिका आधारभूत विद्यालय पुगी डेस्क बेन्च हस्तान्तरण गरी सो को रकम भुक्तानी गरी ९ बजे हामी पुनः मोटरसाइकलमा सोही बाटो सुर्खेततर्फ फर्कियौं । हिजोको बाटोको अनुभव भइसकेको कारण मेरो मनमा डर हराइसकेको थियो । ११ बजेतिर तुरखाद आइपुगी त्यहाँको एक रेस्टुराँमा रोटी तरकारी खाई अनि कर्णाली जंगलघाटमा एकएक कप कालो चिया पिई ४ बजे बाबियाचौर आइपुग्दा सुर्खेत जाने अन्तिम मिनिवस छुटिसकेको रहेछ । त्यसैले बड्डिचौरतर्फ हानिने क्रममा ७ किलोमिटर दूरी बाँकिरहेको स्थलमा मिनिवस भेटियो । देवेन्द्रजी त्यतैबाट विदा लिइ कैलालीतर्फ लाग्नुभयो । म भने त्यहीं मिनीबसमा बेलुका ६ बजे सुर्खेत वीरेन्द्रनगर पुगी बुलबुले होटलमा रात बिताई भोलिपल्ट दिनभर वीरेन्द्रनगर घुमी बेलुका ६ बजे विमानबाट काठमाडौं फर्किएँ ।





यसपालिको मेरो भ्रमणले मेरो जिन्दगीको लागि केहि नयाँ कुरा दियो । ५ घन्टा लेकको बाटो मोटरसाइकलमा जोखिम यात्रा गर्नु, कमलबजारको लेक पुगेपछि त्यसैको तल रहेको ढकालहरूको उद्गमस्थल मानिने ढाकुको अवलोकन गर्न पाउनु, सुर्खेत जिल्ला र कर्णाली प्रदेशमा पहिलो पटक पाइला टेक्नु अनि ३४ वर्षपछि पुनः अछाम जिल्ला पुग्नुले केही नयाँ रेकर्ड बनायो । खतरा मोलेर कार्य सिद्ध गरेर फर्केकोले होला आफूमा नयाँ ऊर्जा र साहस बढेको महसुस गरेको छु ।

# विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानका गतिविधि र सुरेन्द्र ढकाल प्रतिष्ठानबीच सहकार्य



## ● गोपीकृष्ण प्रसाई

विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानको स्थापना वि. सं २०७२ सालमा भएको हो। काठमाडौं जिल्ला प्रशासन कार्यलयमा विधिवत रुपमा दर्ता भएपछि यसले आफ्ना साहित्यिक गतिविधिहरू निरन्तर अगाडि बढाइरहेको छ। नेपाली साहित्यको श्रीवृद्धिका निम्ति राष्ट्रिय/अन्तर्राष्ट्रिय रुपमा सक्रिय रहेर अघि बढ्नु यस संस्थाको लक्ष्य रहेको छ। काठमाडौंमा केन्द्रीय कार्यालय रहेको यस संस्थाले बेलायतमा युरोप च्याप्टर खोलेर आफ्ना गतिविधिहरू गरिरहेको छ। अन्य देशमा पनि शाखाहरू खोलेर अघि बढ्ने लक्ष्य राखेको यस संस्थाले राजधानीमा धेरै कार्यक्रमहरू गरिसकेको छ।

नेपाली भाषाको अन्तर्राष्ट्रियकरण गर्ने, अग्रज स्रष्टाहरूलाई सम्मान एवं नव प्रतिभाहरूलाई प्रोत्साहन गर्ने, नेपाली साहित्यलाई विश्व भाषामा अनुवाद गर्ने, विश्व साहित्यलाई नेपाली भाषा साहित्यमा अनुवाद गर्ने, नेपाली साहित्यलाई विश्वको भूगोलमा प्रवर्द्धन गर्ने, नेपालभित्र रहेका राष्ट्रिय भाषाहरूलाई प्रोत्साहित गर्न सहयोग गर्ने, साहित्यिक सिर्जनात्मक कार्यहरू गर्ने, प्रतिभाशाली स्रष्टाहरूलाई पुरस्कृत गर्नेजस्ता विविध उद्देश्य बोकेको यो संस्था मुनाफारहित साहित्यिक/सामाजिक संस्था हो।

यस संस्थाका हाल कार्यरत पदाधिकारीहरूमा अध्यक्ष गोपीकृष्ण प्रसाईं, वरिष्ठ उपाध्यक्ष लक्ष्मी उप्रेती, उपाध्यक्ष तेजेन्द्रकुमार प्रसाई, महासचिव पुकार तिमिल्सिना, सचिव कोपिला शिवाकोटी, कोषाध्यक्ष रीता शिवकोटी, सहकोषाध्यक्ष विनोदकुमार श्रेष्ठ र कार्य समितिका सदस्यहरूमा क्रमशः अस्मिता भण्डारी, राधिका दाहाल, तीर्थराज दाहाल, कल्पना प्रसाईं पाठक हुनुहुन्छ। त्यसैगरी संरक्षक/सल्लाहकारहरूमा पूर्व राजदूत प्रह्लाद्कुमार प्रसाई, पूर्वमन्त्री हरिप्रसाद न्यौपाने, प्राज्ञ उन्नती बोहरा शीला, जलेश्वरी श्रेष्ठ, प्राज्ञ बाबा बस्नेत, लक्ष्मीप्रसाद प्रसाई, किशोर उप्रेती हुनुहुन्छ।

साहित्य समाजको ऐना हो। मनका असरल्ल भावनाहरूलाई कलात्मक रुपमा प्रस्तुत गरी जिउने कला सिकाउने, समाजमा नयाँ ऊर्जा प्रदान गर्दै नयाँ सोच बनाउने र जीवन जगतका अनेकौं आयामहरूलाई सूत्रबद्ध रुपमा प्रस्तुत गर्ने अस्त्र पनि साहित्य नै हो। यही साहित्यको मूल कडीमा बाँधिएर हामी पनि आफ्नो प्रयासलाई निरन्तरता दिइरहेका छौं। अब हाम्रा गतिविधिहरूलाई म संक्षिप्त रुपमा प्रस्तुत गर्ने जमर्को गर्दछु।

१२ डिसेम्बर २०१५ मा ग्रेटर नेपाल साप्ताहिक, देपसा मोर्चालगायत १५ संघसंस्थाहरूले भारतीय नाकाबन्दीविरुद्ध चलाएको अभियानमा हाम्रो संस्थाले समर्थन अनि ऐक्यबद्धता जनाउँदै विरोध प्रदर्शनमा सहभागी समेत भयो। त्यस्तै हाम्रो संस्थाको स्थापना गर्न महत्वपूर्ण भूमिका खेल्ने संस्थापक उपाध्यक्ष डम्बर गिरीको १ जनवरी २०१६ मा भएको असामायिक निधनले हामीलाई ठूलो क्षति पुर्‍यायो। गिरीज्यूको शोकाकुल परिवारमा समवेदना प्रकट गर्दै हामीले एक श्रद्धान्जली कार्यक्रमको आयोजना गर्‍यौं। संस्थाले उहाँको परिवारलाई केही आर्थिक सहयोग पनि गर्‍यो।

हामीले ०७३ साल असार १५ गते सूचना विभागमा २०३ औं भानु जयन्ती समारोह भव्यताका साथ सम्पन्न गर्‍यौं। त्यस कार्यक्रमका प्रमुख अतिथि नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका कुलपति सरुभक्त हुनुहुन्थ्यो। आदिकविको योगदानको विविध पाटाहरूलाई विश्लेषण गरिएको उक्त कार्यक्रममा नेपाली डायस्पोराको पनि चर्चा गरिएको थियो। त्यसैगरी संस्थाले देश/विदेशका ७ जना स्रष्टा/सर्जकहरूलाई 'भानु शिखर सम्मान' द्वारा सम्मान गर्‍यो।

सम्मानित हुनेहरूमा देवकोटाकालीन वरिष्ठ साहित्यकार वासुदेव ढकाल, वरिष्ठ साहित्यकार प्रा. गार्गी शर्मा, वरिष्ठ गीतकार/ साहित्यकार प्राज्ञ उन्नती बोहरा शीला, वरिष्ठ साहित्यकार समालोचक/ निबन्धकार प्रा.डा.पारसमणि भण्डारी, वरिष्ठ कवि/साहित्यकार महेन्द्रबहादुर गुरुङ, वरिष्ठ साहित्यकार तथा साहित्यिक पत्रकार आर.सी रिजाल, बेलायती नेपाली डायस्पोराका वरिष्ठ साहित्यकार/कवि सुरेशजंग शाह हुनुहुन्थ्यो।

यसैगरी महाकवि लक्ष्मीप्रसाद देवकोटाको १०८ औं जन्मजयन्तीको अवसर पारेर भद्रकुमारी घले सेवा सदनमा वरिष्ठ साहित्यकार/समाजसेवी सुश्री भद्रकुमारी घलेलाई देवकोटा शिखर सम्मानसहित अभिनन्दन समेत गरेको छ। देवकोटाको विराट व्यक्तित्वको चर्चा गर्नुको अलावा कवि गोष्ठीसमेत भएको उक्त कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ साहित्यकार/पत्रकार नगेन्द्रराज शर्मा हुनुहुन्थ्यो।

त्यसैगरी विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानले २०७४ साल असार १७ गते दूर सञ्चार तालिम केन्द्रको प्रशिक्षण हलमा स्रष्टा सम्मान र महत्वपूर्ण साहित्यिक गतिविधिहरू गर्दै २०४ औं भानु जयन्ती मनायो। संस्थाले वरिष्ठ साहित्यकारत्रय डा. शैलेन्दुप्रकाश नेपाल, विवश पोखरेल र जलेश्वरी श्रेष्ठलाई भानु शिखर सम्मानद्वारा सम्मान गरेको छ। उक्त समारोहमा संस्थाकी वरिष्ठ सदस्य एवम साहित्यकार लक्ष्मी उप्रेतीद्वारा नेपाली, अंग्रेजी र मराठी भाषामा लेखिएका ४ वटा बाल साहित्यका पुस्तकहरू विमोचित भए। त्यस्तै संस्थाकी सचिव एवम गायिका कोपिला शिवकोटीको म्युजिक भिडियो 'प्रिय तिम्रो' को पनि सार्वजनिकीकरण भयो।

विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठान युरोप च्याप्टरले पनि बेलायतको लन्डनमा १० फेब्रुअरी २०१८ का दिन साहित्य गोष्ठी, कविता वाचन र स्रष्टा सम्मान गरी विशेष साहित्यिक समारोह भव्य रुपमा सम्पन्न गरेको छ। उक्त समारोहको अध्यक्षता युरोप च्याप्टरका अध्यक्ष खगेन्द्र पाठकले गर्नुभएको थियो भने कार्यक्रमको संचालन महासचिव मन्जु भन्डारीले गर्नुभएको थियो। कार्यक्रम प्रमुख अतिथि बेलायतका लागि नेपाली राजदुत दुबसु क्षेत्री र विशेष अतिथि संस्थाका संरक्षक/सल्लाहकार पूर्वराजदुत प्रह्लादकुमार प्रसाईं हुनुहुन्थ्यो।

विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानले २०५ औं भानु जयन्ती ०७५ साल असार १६ गते घट्टेकुलो विकास समाजको हलमा स्रष्टा सम्मान, कृति लोकार्पण र कविता वाचन कार्यक्रम गरी भव्यताका साथ सम्पन्न गरेको थियो। नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेतीको प्रमुख आतिथ्य रहेको उक्त कार्यक्रमको सभापतित्व संस्थाका अध्यक्ष गोपीकृष्ण प्रसाईंले गर्नुभएको थियो। उक्त समारोहमा वरिष्ठ साहित्यकारहरू कृष्ण धरावासी, गोविन्द गिरी प्रेरणा, सुवासचन्द्र ढुंगेल, भवानी क्षेत्री, खेम नेपाली, इल्या भट्टराई, रामकृष्ण आचार्यका साथै गोधूली साहित्य प्रतिष्ठानलाई सम्मान गरिएको थियो।

त्यसैगरी लक्ष्मी उप्रेती र गोपीकृष्ण प्रसाईंद्वारा सम्पादित कृति समय सन्दर्भमा नारी कथाको लोकार्पण भयो। ८७ वर्षीय गायिका मनमाया सिटौलाको संगिनी गीतले हल नै गुन्जायमान बनाएको उक्त कार्यक्रममा ठूलो संख्यामा सर्जकहरूले आफ्ना रचनाहरू वाचन गरेका थिए।

यसैगरी संस्थाले २८ जुलाई २०१८ का दिन अनामनगर, काठमाडौंमा विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठान युरोप च्याप्टरका अध्यक्ष खगेन्द्र पाठकलाई एक समारोहबीच सम्मान गरेको थियो। उक्त समारोहमा साहित्यिक गोष्ठी पनि गरिएको थियो। कार्यक्रममा पूर्वमन्त्री हरिप्रसाद न्यौपाने प्रमुख अतिथि हुनुहुन्थ्यो।

संस्थाले ०७५ साल पौष १४ गते शनिबारका दिन अनामनगर काठमाडौंमा स्रष्टा हर्क यक्सोको कृति 'नेपालका प्रमुख धर्महरू' को लोकार्पण कार्यक्रम सम्पन्न गरेको थियो। कार्यक्रममा प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति गंगाप्रसाद उप्रेती, विशेष अतिथिहरू, पूर्वमन्त्री हरिप्रसाद न्यौपाने, पूर्वसभासद नन्दकुमार प्रसाईं, पूर्व निर्वाचन आयुक्त एवम राजदुत रामभक्त ठाकुर, पूर्व राजदुत प्रह्लाद्कुमार प्रसाईले पनि पुस्तक अनि लेखक हर्क यक्सोको बारेमा आफ्ना अवधारणाहरू राख्नुभएको थियो।

विमोचित कृतिको बारेमा प्रा. फणीन्द्रराज निरौलाले समालोचना प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा लेखक याक्सोले आफ्ना भनाइहरू राख्नुभयो भने संस्थाका अध्यक्ष गोपीकृष्ण प्रसाईं, वरिष्ठ उपाध्यक्ष लक्ष्मी उप्रेती, उपाध्यक्ष तेजेन्द्रकुमार प्रसाई, सल्लाहकार लक्ष्मीप्रसाद प्रसाई, सल्लाहकार किशोर उप्रेती, वरिष्ठ सदस्य अस्मिता भन्डारीले पनि आफ्ना विचारहरू प्रस्तुत गर्नुभयो।

त्यस्तै कार्यक्रम व्यवस्थापनमा महासचिव पुकार तिमल्सिना, सचिव कोपिला शिवकोटी, कोषाध्यक्ष रिता शिवाकोटी, सहकोषाध्यक्ष विनोदकुमार श्रेष्ठ, वरिष्ठ सदस्य राधिका दाहाल, वरिष्ठ सदस्य कल्पना प्रसाईं पाठक, वरिष्ठ सदस्य तिर्थराज दाहाल, आजीवन सदस्य पवनकुमार प्रसाईको सक्रियता उल्लेखनीय रह्यो। कार्यक्रममा संस्थाले प्रज्ञा प्रतिष्ठानका नवनियुक्त कुलपति गंगाप्रसाद उप्रेती, प्राज्ञ प्रा.डा.उषा ठाकुर, प्राज्ञ सभा सदस्य एवम संस्थाकी वरिष्ठ उपाध्यक्ष लक्ष्मी उप्रेतीलाई सफल कार्यकालको शुभकामनासहित सम्मान गरेको थियो। स्रष्टा हर्क याक्सोको पुस्तक यही संस्थाले प्रकाशन गरेको थियो।

यस संस्थाले अन्य संघसंस्थासँग मिलेर पनि साहित्यिक कार्यक्रमहरू गर्दै आएको छ। १६ अप्रिल २०१९ मा विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठान र उपलब्धि बहुउद्देशीय सहकारी संस्थाले संयुक्त रुपमा कथाकार देवकुमारी थापाको जन्म जयन्ती भव्य रुपमा मनाएका थिए। उक्त समारोहमा कवि इन्द्रकुमार श्रेष्ठ 'सरित' को समर हाँक्ने समयको विमर्श भयो भने सरित तथा साहित्यकार सुशीला प्रधानाङ्गलाई सम्मान पनि गरिएको थियो। कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष गोपीकृष्ण प्रसाईले गर्नुभएको थियो भने प्रमुख अतिथि वरिष्ठ राजनीतिज्ञ चन्द्रप्रकाश मैनाली हुनुहुन्थ्यो। कार्यक्रममा उपलब्धि बहुउद्देश्यीय संस्थाका अध्यक्ष प्रतिभा निरौलाको सशक्त भूमिका रहेको थियो।

१३ जुलाई २०१९ का दिन आदिकवि भानुभक्त आचार्यको २०६ औं जन्मजयन्ती वाङमय शताब्दी पुरुष सत्यमोहन जोशीको निवासमा भव्यताका साथ सम्पन्न भयो। सोही अवसरमा सत्यमोहन जोशी र उहाँकी धर्मपत्नी राधादेवी जोशीलाई संस्थाले अभिनन्दन समेत गर्‍यो। जोशी नै उक्त समारोहका प्रमुख अतिथि पनि हुनुहुन्थ्यो। जोशीले आफूले पाएको सम्मान भाषा, साहित्य र संस्कृतिले पाएको हो भन्दै विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानको समृद्धिको कामना गर्नुभयो। कार्यक्रममा कवि गोष्ठी समेत सम्पन्न भयो। कविता वाचन गर्ने कविहरूमा गोपीकृष्ण प्रसाईं, तेजेन्द्र प्रसाई, राधिका दाहाल, कल्पना प्रसाई पाठ्क, सीता अर्चना पौडेल, महेन्द्र गुरुङ र हिमानी उप्रेती थिए।

संस्थाले ३० सेप्टेम्बर २०१९ मा अमेरिका निवासी समाजसेवी एवम विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानकी विशिष्ट सदस्य दुर्गा सिटौलालाई सम्मान गरेको छ। कार्यक्रममा दशैंको शुभकामना आदानप्रदान हुनुको साथै कविगोष्ठी समेत भएको थियो। कार्यक्रममा प्रमुख अतिथि पूर्वमन्त्री हरिप्रसाद न्यौपाने हुनुहुन्थ्यो। त्यसैगरी २८ अक्टोबर २०१९ मा संस्थाले बेलायत निवासी दुई स्रष्टाहरू मन्जु भन्डारी र बिदुर सिटौलालाई पनि सम्मान गरेको छ। कार्यक्रमका प्रमुख अतिथि पूर्वमन्त्री हरिप्रसाद न्यौपाने हुनुहुन्थ्यो। कार्यक्रममा तिहारको शुभकामना आदानप्रदान गर्नुको साथै कविगोष्ठी पनि गरिएको थियो। दुबै कार्यक्रम घट्टेकुलो विकास समाजको भवन घट्टेकुलोमा गरिएका थिए।

विश्व नै कोरोना संक्रमणले त्राहिमाम भएको बेला हरेक गतिविधिहरूमा कोरोनाले ऐठन गरेको सर्वविधितै छ। त्यस समयमा धेरै कार्यक्रमहरू भर्चुअल माध्यमबाट हुने गरेका थिए। हामीले पनि १२ जुलाई २०२१ मा २०८ औं भानु जयन्ती भर्चुअल माध्यमद्वारा भव्य रुपमा मनायौं। नेपाल लगायत विश्वका विभिन्न देशहरूबाट करिब ५ दर्जन स्रष्टाहरू सहभागी भएको उक्त कार्यक्रम अनामनगर काठमान्डौबाट निरन्तर ४ घन्टा चलेको थियो। कार्यक्रममा वरिष्ठ साहित्यकार कृष्ण धरावासीले प्रमुख अतिथिको रुपमा उपस्थित भएर भानुको व्यक्तित्वको बारेमा आफ्ना विचारहरू प्रस्तुत गर्नुभयो। पूर्वमन्त्री हरिप्रसाद न्यौपाने, पूर्वराजदुत प्रह्लादकुमार प्रसाई, प्रा.फणीन्द्रराज निरौलाले भानु जयन्तीको गरिमा बारेमा विश्लेषण गर्दै विशेष अतिथिको रुपमा आफ्ना भनाइहरू राख्नुभएको थियो।

संस्थाका अध्यक्ष एवम सभापति गोपीकृष्ण प्रसाई, वरिष्ठ उपाध्यक्ष एवम प्राज्ञ लक्ष्मी उप्रेती, संस्थाका उपाध्यक्ष तेजेन्द्र प्रसाई, युरोप च्याप्टरका अध्यक्ष खगेन्द्र पाठक, प्राज्ञ उन्नती बोहरा शीला, संस्थाका सल्लाहकार किशोर उप्रेतीले भानु जयन्तीमा केन्द्रित भएर आ-आफ्ना विचारहरू प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा ९१ वर्षीय गायिका पम्फा सिटौलाले आफ्नो ओजपूर्ण मिठो स्वरसँगै लोकगीतहरू प्रस्तुत गर्नुभयो। कार्यक्रममा खगेन्द्र पाठक, निर्मलरमण पराजुली, डा.गोपाल पौडेल, गंगा लिगल, खेमराज निरौला, ललिता दोषी, सुशिला ढकाल अधिकारी, राधिका दाहाल, मन्जु भन्डारी, मन्जु बिमली, दुर्गा सिटौला, दुश्यन्त भट्टराई, पवन प्रसाई, वीरबहादुर लोहनी, कल्पना त्रिपाठी, क्षितिज प्रसाई, उज्ज्वल निरौला, हिमानी उप्रेती, मोहनराज, बशुश्री पाण्डे, उन्नती बोहरा शीला, भुवन सिवाकोटी लागायतका कविहरूले आफ्नो सृजना वाचन गरेका थिए।

कार्यक्रममा संस्थाकी सचिव कोपिला शिवकोटीले एउटा राष्ट्रिय गीत प्रस्तुत गर्नुभयो। महासचिव पुकार तिमल्सिना, कोषाध्यक्ष रीता शिवाकोटी, सहकोषाध्यक्ष विनोदकुमार श्रेष्ठ , संस्थाका सदस्यहरू राधिका दाहाल, तिर्थराज दाहाललगायत यादृक्षा उप्रेती, पवन प्रसाईको सराहनीय भूमिका रहेको थियो।

त्यस्तै ३१ जुलाई २०२१ मा गुरुपूर्णिमाको अवसर पारेर नेपाली साहित्यकार विश्व सन्जालद्वारा साहित्यिक संस्थाका १०० भन्दा धेरै अध्यक्षहरूलाई भर्चुअल माध्यमद्वारा रचना वाचन, आफ्नो संस्थाको परिचय, गतिविधि एवम आफ्नो साहित्यिक अनुभव आदानप्रदान गर्न निम्त्याइएको कार्यक्रममा संस्थाका अध्यक्ष गोपीकृष्ण प्रसाईले भाग लिंदै आफ्ना भनाइहरू राख्नुभएको थियो। यस कार्यक्रमका परिकल्पनाकार लन्डन निवासी साहित्यकार स्पन्दन विनोद हुनुहुन्थ्यो भने प्रमुख अतिथिको रुपमा प्रा.डा.हेमनाथ पौडेलको उपस्थिति रहेको थियो। त्यस्तै संस्थाले ०७८ साल चैत्र २१ गते एक विशेष समारोह आयोजना गरी स्रष्टा सम्मान, सृजना वाचन कार्यक्रम सम्पन्न गर्‍यो। संस्थाले वरिष्ठ साहित्यकार एवम समालोचक दधिराज सुवेदीलाई ऋषि बरालको स्मृतिमा निर्मला बरालद्वारा स्थापित रु ११११। ।- राशीसहितको विश्व नेपाली वाङमय पुरस्कार एवम सम्मान अर्पण गरेको छ।

त्यसैगरी संस्थाले प्रा. फणीन्द्रराज निरौला, रंगकर्मी भरत गुरागाईं, ज्येष्ठ नागरिक दिलमया श्रेष्ठ, साहित्यकार रेनु अधिकारी मौनतालाई सम्मान गरेको छ। कार्यक्रममा प्रमुख अतिथि नेपाल प्रज्ञाप्रतिष्ठानका पूर्व उपकुलपति एवम वरिष्ठ साहित्यकार विष्णुविभु घिमिरे हुनुहुन्थ्यो भने कार्यक्रमको सभापति संस्थाका अध्यक्ष गोपीकृष्ण प्रसाई हुनुहुन्थ्यो। कार्यक्रम व्यवस्थापनलाई सहज अनि व्यवस्थित बनाउन संस्थाका सक्रिय आजीवन सदस्य एवम सामुदायिक सेवा केन्द्र घट्टेकुलोका सहसचिव ध्रुवप्रसाद प्रसाई, घट्टेकुलो विकास समाजका अध्यक्ष शिवराम राजवंशी, वरिष्ठ साहित्यकार राजनप्रसाद न्यौपानेको महत्वपूर्ण भूमिका रहेको थियो।

कार्यक्रमको अर्को रोचक पक्ष सिर्जना वाचन रहेको थियो, सिर्जना वाचन गर्ने कवि/सर्जकहरू सुनिता कार्की, सुष्मिता श्रेष्ठ, संगीता घिमिरे, गजेन्द्र मोक्तान, भुवन शिवाकोटी, जयकुमार पौडेल, संगीता सारथि, गीता अर्याल, पुनम घिमिरे, तेजेन्द्रकुमार प्रसाई, विध्या अनामिका तिवारी, सूर्यबहादुर तामाङ, महेश रिजाल, पिबि बोहरा, महेश पान्डे, सीता घिमिरे, राजन न्यौपाने, सीता अर्चना पौडेल, पारु तिमिल्सिना, रश्मि रिमाल, राधिका दाहाल, अस्मिता भन्डारी, चेतन सिटौला, प्रेम ओली ढकलपुरे, भरत गुरागाईं,'बार्बरिक' रेनु अधिकारी 'मौनता', डा.फणीन्द्रराज निरौलालगायत हुनुहुन्थ्यो। कार्यक्रम घट्टेकुलो विकास समाजको हलमा भएको थियो।

यसैगरी संस्थाले २०९ औं भानु जयन्ती पुस्तक विमोचन, स्रष्टा सम्मान, कविता वाचन एवम भानुको व्यक्तित्वमाथि विभिन्न कोणबाट व्याख्या, विश्लेषण र चर्चा गर्दै सम्पन्न गर्‍यो। स्रष्टा हर्क याक्सोद्वारा लिखित पुस्तक 'जीवन एक परिभाषा अनेक' पुस्तकको विमोचन प्रमुख अतिथि ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति के.के.कर्माचार्य, संस्थाका अध्यक्ष गोपीकृष्ण प्रसाई, विशेष अतिथिहरू एवम संस्थाकी वरिष्ठ उपाध्यक्ष लक्ष्मी उप्रेतीले गर्नुभएको थियो। विमोचित कृतिमथि प्रा.डा. फणीन्द्रराज निरौलालाई समीक्षा प्रस्तुत गर्नुभयो।

स्रष्टा याक्सोले आफ्नो कृतिको विमोचन गर्ने सुन्दर वातावरण मिलाएकोमा विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानलाई विशेष धन्यवाद दिनुभयो। संस्थाले स्रष्टाहरू राजनप्रसाद न्यौपाने, सरस्वती गौतम, संगीतकार हरिशरण सायमी र बाल कथाकार निर्मला बराललाई सम्मान गरेको छ। कार्यक्रममा सुन्दर सिर्जनाहरू वाचन गर्नुका साथै गीत पनि प्रस्तुत गरिएको थियो।

पूर्वसभासद एवम नेकपा माओवादी केन्द्र ज्येष्ठ कम्युनिष्ट मन्चका अध्यक्ष नन्दकुमार प्रसाईं, पूर्व रा.पं.स दीर्घराज प्रसाईं, पूर्व निर्वाचन आयुक्त एवम राजदुत डा. रामभक्त ठाकुर, पूर्व राजदुत प्रह्लादकुमार प्रसाईं, पूर्व राजदुत टंक कार्की, वरिष्ठ कलाकार, रंगकर्मी मदनदास श्रेष्ठ, प्राज्ञ डा. उषा ठाकुर, विराटनगर महानगरपालिकाका पूर्व प्रधानपन्च ध्रुवनारायाण श्रेष्ठ, घट्टेकुलो विकास समाजका अध्यक्ष शिवराम राजवंशी, कामनपा-२९ का अध्यक्ष कुश ढकाल, प्रसाईं कल्याणकारी कोष केन्द्रीय कार्यसमितिका उपाध्यक्ष श्रीकृष्ण प्रसाईं, अनेसासका पूर्व अध्यक्ष एवम गीतकार ज्ञानेन्द्र गदाल, ज्येष्ठ नागरिक आमा दिलमाया श्रेष्ठको विशेष अतिथिको रुपमा सारगर्भित उपस्थिति रहेको थियो। कार्यक्रममा संस्थाकी वरिष्ठ उपाध्यक्ष लक्ष्मी उप्रेतीको गीत 'बेनामी सर्त' मीठो सार्वजनिक भयो।

यसैगरी यस संस्थाको प्रमुख भूमिका एवम सहयोगमा नर्दन क्यालिफोर्नियामा अवस्थित एक सामाजिक संस्था नीलकृष्ण जशोदा फाउन्डेसनद्वारा गरिएको स्रष्टा सम्मान कार्यक्रम घट्टेकुलो विकास समाज भवनमा भव्य रुपमा सम्पन्न भयो। उक्त कार्यक्रम सफल पार्न विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानले अहम भूमिका खेलेको थियो। उक्त स्रष्टा सम्मान प्रसिद्ध कार्डियोलोजिस्ट प्रा.डा. भगवान कोइराला, आध्यात्मिक चिन्तक एवम भागवत वाचिका राधिका दासी, इन्द्रेणी फाउन्डेसन तथा इन्द्रेणी कार्यक्रमका सञ्चालक कृष्ण कँडेल, पवित्र सेवा समाज नेपालकी संस्थापक अध्यक्ष दीक्षा चापागाइ, प्राध्यापक एवम समाजसेवी पशुपति मिश्र, विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठान, प्राज्ञ तथा वरिष्ठ साहित्यकार लक्ष्मी उप्रेती, समाजसेवी नन्दा सिंह प्रसाई, पत्रकार तथा समाजसेवी सागर श्रेष्ठलाई अर्पण गरिएको थियो।

कार्यक्रमको सभापति नीलकृष्ण जशोदा फाउन्डेसनका संरक्षक/संस्थापक इन्जिनियर ईश्वरकान्त सिटौला र प्रमुख अतिथि त्रिविविका उपकुलपति डा. धर्मकान्त बाँस्कोटा हुनुहुन्थ्यो। कार्यक्रममा साहित्यकार वशुश्री पान्डेको कविता संग्रह 'मौन समय' को पनि विमोचन भयो। कार्यक्रममा पवित्र सेवा समाजकी अध्यक्ष दीक्षा चापागाईलाई ५ महिने बालिकाको पालनपोषणका निम्ति उपस्थितमध्येबाट उठेको रकम रु ४० हजार ४ सय ८४ कार्यक्रमका सभापति ईश्वर सिटौलाबाट हस्तान्तरण गरियो।

विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानको कार्यालय अनामनगरमा रहेको छ। यसको स्थापना कालमा सक्रिय भूमिका खेल्ने उपाध्यक्ष सन्ध्या रेग्मी महासचिव अस्मिता भन्डारी, सचिव अनिल सिटौला, सदस्य राजेश घतानीलगायत संस्थापक सम्पूर्ण पदाधिकारी र सल्लाहकारहरूमा म विशेष धन्यवाद दिन चाहन्छु। यस संस्थालाई आर्थिक रुपमा समृद्ध पार्ने साधरण सदस्यहरू, आजीवन सदस्यहरू, विशिष्ट सदस्यहरू, संरक्षक सदस्यहरूप्रति हार्दिक धन्यवाद अनि आभार प्रकट गर्दछु। केही कार्यक्रमहरू प्रायोजन गर्ने सहयोगी व्यक्तिको रुपमा इन्जिनियर ईश्वर सिटौलाज्यूको नाम पनि यहाँ सहर्ष उल्लेख गर्न चाहन्छु।

कार्यक्रममा सधैं ऊर्जा प्रदान गर्ने पूर्वमन्त्री हरिप्रसाद न्यौपाने, पूर्वनिर्वाचन आयुक्त एवम राजदुत रामभक्त ठाकुर, पूर्वराजदुत प्रह्लादकुमार प्रसाईं, वरिष्ठ कलाकार मदनदास श्रेष्ठ, घट्टेकुलो विकास समाजका अध्यक्ष शिवराम राजवंसी, घट्टेकुलो सामुदायिक सेवा केन्द्र घट्टेकुलोका उपाध्यक्ष ध्रुवप्रसाद प्रसाई, ह्याप्पी अर्थका अध्यक्ष भीष्म थपलियाको भूमिका प्रशंसनीय छ।

संस्थाका गतिविधिहरू मैले यहाँ संक्षेपमा मात्र उल्लेख गरेको छु। कुनै कार्यक्रमहरू छुट्न गएमा, महत्वपूर्ण व्यक्तिहरूको नाम छुट्न गएमा, उल्लेख गर्नुपर्ने कुनै कुराहरू छुट्न गएमा म क्षमाप्रार्थी छु। यो संस्था अन्य सामाजिक/साहित्यिक संस्थाहरूसँग हातेमालो गर्दै अघि बढ्नेछ। नेपाली वाङमयको सेवामा पवित्र मन अनि भावना बोकेर अघि बढिरहेको हाम्रो यात्रालाई हामी निरन्तरता दिइरहनेछौं। २०८० सालको सबैमा हार्दिक मंगलमय शुभकामनासहित यो लेखलाई अहिले यहीं बीट मार्न चाहन्छु।

## सुरेन्द्र ढकाल प्रतिष्ठानसँगको सहकार्य



विभिन्न सहयोगी मन, संस्थाका सदस्य अनि दाताहरूबाट पाएको निरन्तर सहयोगको कारण यो संस्था निरन्तर अघि बढिरहेको छ। यसै सिलसिलामा सुरेन्द्र ढकाल प्रतिष्ठानजस्तो सामजिक संस्थाले पनि यस संस्थाको बृहत्तर हित अनि साहित्य सेवा अझ द्रुत गतिमा अघि बढोस् भनेर सहयोगी भावना राख्दै अनामनगरमा एउटा भेटघाटको अवसर पारेर ०७९ साल कात्तिक महिनामा रु ५०,००० (रु पचास हजार) को सहयोग गरेको छ। सुरेन्द्र ढकाल प्रतिष्ठान राजनीतिक गन्धबाट टाढा रहेको एक विशुद्ध सामाजिक संस्था हो। समाजसेवी एवम वरिष्ठ लेखक/पत्रकार सुरेन्द्र ढकालले आफ्नो पैतृक सम्पतिको केही हिस्साको व्याजबाट प्राप्त रकम यस प्रतिष्ठनमार्फत दर्जनौं परोपकारी संस्था, साहित्यिक संस्था, सामुदायिक संस्थाहरू, प्रतिभावान व्यक्तिहरू र दीनदुःखीको सहयोगमा खर्च गरिरहनुभएको छ। राष्ट्रले गर्नुपर्ने यस्तो महान कार्यमा विशुद्ध सामजिक उद्देश्य राखेर निरन्तर लागिपरेका ढकाल प्रतिष्ठानको सत्कार्यको म तारिफ गर्न चाहन्छु। राष्ट्र सेवामा अनवरत लागिरहने राष्ट्रिय व्यक्तित्व अनि चर्चित समाजसेवी प्रतिष्ठानका अध्यक्ष ढकालप्रति हार्दिक धन्यवाद अनि आभार प्रकट गर्दछु। यही विशुद्ध सामाजिक संस्थासँग विश्व नेपाली साहित्य प्रज्ञा प्रतिष्ठानले पनि आवद्धता लिएको छ। सुरेन्द्र ढकाल प्रतिष्ठानसँग हामी साहित्यिक/सामजिक कार्यक्रमहरूमा हातेमालो/सहकार्य गर्दै अघि बढ्नेछौं।

कथा

# स्वप्न भङ्ग

लक्ष्मी उप्रेती

स्वप्न भङ्ग भएपछि जीवनमा देखिएका ससाना खुसीका कणहरू अनायासै मेटिँदा रहेछन्। विश्वास र भरोसाका पुञ्ज मेरा जीवन साथी विभाजित हुनाले, आस्थाका धरोहर मेरा मुटुका टुक्रा विचलित भएकाले यसबेला दुःख सहेर शून्य जीवन बाँच्नु सिवाय कुनै विकल्प रहेन मेरो। दाम्पत्य जीवनका सुखद क्षणहरू सपना जस्तै बनेर छचल्किने भए अब अतीतका स्मृतिमा। वर्तमानले रक्ताम्मे पारेको विवश घाउ सुम्सुम्याउँदै खाटा बस्नै नसक्ने भविष्यको कल्पना कसरी गरूँ म ? विश्वासको धरातलमा उभ्याएर मेरो भोलि खोसिसके छन् मेरा आफ्नाहरूले नै आश्वासनको भ्रमित भाव बाँढ्दै। हरे ! कस्तो अन्तरघात गरे नि मलाई।

बिरही पल बनेर बिझाउँने ए समय ! त निर्दयी नै होस् या मलाई घात गरिस् ? सुन्दर धुनको सङ्गीत बनेर रमाउने मेरो विगत आज कस्तो कुरूप बन्यो। अब तेरो रचनामा मेरो भविष्य कस्तो छ भन्न सक्छस् ?

केही समय प्रेम गरेर जीवन बुझेपछि बिहे गरेका पति अनिमेष र हाम्रा छोरा छोरी निमेष र निर्जासँग अलग्गिनुको पीडा सहेर अर्काको मुलुकमा कहालीलाग्दा पल गन्दै दिन रात खटेँ र सात वर्ष बिताएँ परिवारको सुख सोचेर। ती सबै व्यर्थ भएछन्। जस्का लागि आफूलाई रित्याएँ उसले मेरो जीवनमा छुरा घसेको आभास समेत पाइनँ मैले।

जीवनमा यस्तो दिन पनि आउला भन्ने कल्पना समेत गरेकी थिइनँ। बिहे हुनुभन्दा अघि कति खुसी थिए। दुई दाजुहरूकी यौटी बहिनी भएकाले म परिवारमा नै प्यारी थिएँ। सम्पन्न परिवारमा जन्म भएकाले पनि होला गाउँका अरू साथीहरूको तुलनामा हरेक अवसर प्राप्त हुन्थ्यो मलाई। मैले रहर गरेका जुनसुकै चिज पनि तुरुन्तै पुरा हुन्थे। दुःख नभोगेकी मैले बिहेपछि मात्र थाहा पाएकी थिए अभावमा दुख्ने कष्टकर जीवनको घाउ।

अतीतको मायाले यसबेला मलाई अवसादमा पारेको छ। मनका आवेगहरू भक्कानिएर पोखिन्छन् दुई आँखाबाट अविरल।

राजनीतिक पृष्ठभूमि भएको मेरो परिवार। घरमा राजनीतिज्ञहरूको जमघट भैरहन्थ्यो। यही प्रभावले मलाई राजनीतिमा रुचि बढ्दै गयो। म आइ.ए. पढ्दै थिएँ। वि.सं. २०४६ मा जन आन्दोलन चर्कियो। देशमा राजनीतिक गतिरोधका कारण उत्पन्न आन्दोलनमा युवाशक्ति विद्यार्थीहरूको सहभागिता बढ्दै गयो। अलिअलि गर्दै केही दिनपछि शैक्षिक वातारण नै ठप्प भएर राजनीतिक वातावरणको माहौल व्याप्त भयो। विभिन्न दलका भातृसङ्गठनका विद्यार्थीहरूको सक्रियता बढ्दै गयो। आन्दोलन झन् चर्कन थाल्यो। जुलुस, नारा, कोणसभा, आमसभा, तोडफोड, चक्काजाम, आगजनी, धडकपड, लाठी चार्ज आदि इत्यादिले राजनीतिक वातावरणलाई तातायो। पारिवारिक समर्थन भएर पनि होला विद्यार्थी आन्दोलनमा हाम्रो कलेजबाट मेरो नेतृत्व अग्रपङ्तिमा रह्यो। प्रदर्शनकारीलाई दबाउने प्रयाशमा तत्कालीन सरकारले धडपकड गर्दा अग्रज नेताहरूसँगै केही साथीहरू र म पनि जेलमा परे दुई पटक। पहिलो पटक जेल पर्दा म निकै डराएकी थिएँ। तर राजनीतिक बन्दीहरूको जेल जीवन राम्रै हुँदोरहेछ।

आफ्नै प्रखर क्षमताले विद्यार्थी राजनीतिमा सक्रिय रहेर अर्का कलेजका विद्यार्थी नेता अनिमेषसँग पहिलो भेट जेलमा नै भयो। हाम्रो विचार र उद्देश्य अनि यात्रा पनि एउटै थियो। उनको प्रभावशाली व्यक्तित्वका कारण जेलबाट छुटेपछि पनि हाम्रो भेट हुने क्रम बढ्दै गयो। बिस्तारै बिस्तारै राजनीतिक सहयात्रीभन्दा फरक अर्कै आसक्तिको आभास भयो हामीमा।

समयको गतिसँगै राजनीतिक उतार चढावमा कहीँ जाँदा कसो कसो गरेर प्रायः सँगसँगै हुन थाल्यो। केही दिनपछि पार्टीका साथीहरूबाट पनि हाम्रो सामीप्यताको चर्चा सुरु भयो। त्यसपछि हामी सोच्न बाध्य भयौँ। हाम्रो मन मिलेकै थियो। अनिमेषले अभिभावकसँग सल्लाह गरेर मलाई माग्न पठाए। दुवैतिरका अभिभावकहरूबाट बुझाबुझ गरेपछि हाम्रो बिहेको टुङ्गो लाग्यो। महेन्द्रनगर घर भएका सम्पन्न परिवारका माइला छोरा अनिमेषलाई जीवन साथी बनाउँदा छोरी सुखी हुन्छे भन्ने सोचले ढुक्क भएर बिहेका लागि आएको प्रस्ताव मेरा अभिभावकले स्वीकार्नु भयो। अन्ततः केही समय पछि उहाँहरूले हाम्रो लगन गाँठो बाँधिदिनु भयो।

बिहा पछि जहाँ जतिखेर निस्फिक्री हिँड्डुल गर्न हामी स्वतन्त्र भयौँ। केही समयसम्म हाम्रो राजनीतिक जीवन सक्रिय भयो।

बिहे भएको दुई वर्षमा हाम्रो छोरो निमेष जन्मियो। त्यसपछि राजनीतिमा मेरो सहभागिता अलि कम हुन थाल्यो। निमेष दुई वर्ष नपुग्दै छोरी निर्जाको जन्म भयो। त्यसपछि त छोराछोरीको स्याहार सुसारले नै मलाई व्यस्त बनायो। यसले गर्दा मेरो राजनीतिक जीवन झन्डै झन्डै शून्य नै भयो। समय आफ्नै गतिमा अघि बढि रह्यो। हाम्रो अवस्थामा उतार चढाव सुरु भयो। दुवै जना बेरोजगार। एकातिर अनिमेषको राजनीतिक जीवन अर्कातिर घर व्यवहारमा खर्च बढ्दै जान थाल्यो।

आमा बाबुको मृत्युपछि माइतीतिरबाट पाउने सहयोगी हातहरू कम हुँदै गए। अनि आफ्नो पुर्ख्यौली सम्पत्ती बेच्दै जीवन गुजारा गर्नु हाम्रो बाध्यता रह्यो। केही समयसम्म यसरी पनि जिन्दगी धानियो। पुर्ख्यौली सम्पत्ति पनि सकिएपछि साथी भाइहरूसँग ऋण लिने क्रम सुरु भयो। अभावले जीवन कठिन हुँदै गयो। कामको खोजीमा दुवै जना लागि पर्‍यौँ। तर कहीँ कुलखानदान र कही क्षमताका कारण कति ठाउँमा हामी अयोग्य भयौँ। त्यसपछि अनिमेष व्यावहारिक झमेलाबाट पिरोलिएर राजनितिक माहोलमा नै पूर्णकालीन समय बिताउन थाले।

यसरी जीवन झन्झन् जटिल हुँदै गयो। के गर्ने भनेर हामीसँग कुनै उपाय नै भएन। अन्ततः राजनीतिकर्मीको लागि खुलेका विदेश यात्राको फायदा उठाएर सर सल्लाह गरी श्रीमान्सँगै बालक छोराछोरीलाई समेत छोडेर बेलायत जान बाध्य भएँ।

त्यसबेला मातृत्वको आर्तनाद सहँदै विदेशी भूमिमा कठिनाइहरूसँग जुद्धै बिताएँ। उराठिलो सात वर्ष दिन रात काम गरेँ। काम गरेँ अनुसारको दाम पनि कमाउन सकेँ।

मुटुको घाउलाई पलपल सुमसुम्याउँदै भविष्यको सुन्दर सपना सजाएर आफूलाई रित्याउँदै श्रीमान्को भरोसामा सात वर्षसम्म कमाएको पैसा सुम्पिरहेँ सही ठाउँमा उपयोग हुन्छ भन्ने विश्वासले, तर जीवनको विश्वास सोच जस्तो कहाँ हुँदोरहेछ र ? पहिला जति आफ्ना थिए ती सबै आफूबाट छुटिसकेछन्।

पैसा कमाउने कामदेखि बाहेक अन्य केही समयखेर फालिनँ मैले। यता श्रीमान् र छोराछोरी बाहेक अरू सबै नाता सम्बन्ध साथी भाइ कोहीसँग पनि सम्पर्क राखिनँ। उनीहरूले सम्पर्क गर्न खोज्दा पनि सहयोग पो माग्ने हुन की भन्ने शङ्का गरेर सधैँ सम्पर्कविहीन हुनाका साथै समय पनि खेर फाल्न चाहिनँ। त्यसबेला सायद उनीहरूको सम्पर्कमा रहन सकेको भए मेरो केही त बच्न सक्थ्यो कि ? तर मेरो स्वार्थीपनले यसबेला मसँग केही रहेन। सङ्घर्ष गरेर सात वर्ष विदेशी भूमिमा बिताएको आफ्नो उराठिलो उमेरसँगै मेरा आफ्नाहरूबाट म छुटिसकेछु।

आजको प्रतीक्षामा कति दिन बिताएर मनभरि उत्साह र उमङ्गका तरङ्ग छचल्काउँदै। अनिमेषसँगको मधुर मिलनको कल्पनामा बहकिएर उम्लिएथे। मुटुभरि ममताले सुमसुम्याउँदै छोराछोरीको सामीप्य सुखमा भावुक हुँदै नेपाल धर्ती टेकेथेँ। तर मैले कल्पना गरेका ती सबै सुनौला भावहरू अहिले चकनाचार भए सपना झैँ बनेर। हरे ! सपना झैँ लागेको यो जीवनको सपना, सपना नै भै दिए अर्काको सम्झेर पनि अबको जीवनमा विपना राम्रो पार्दै आफ्नो बनाउँथेँ। अब त मसँग जीवनका सपना पनि कुनै रहेनन्, विपनाको त के कुरा गरौँ ?

लामो समयको अन्तरालपछि हिजो नेपालको धर्तीमा पाइला टेकेँ। श्रीमान् र छोराछोरीकै न्यानो स्पर्शको अनुभूत गर्दै आफूभरि मायाको रङ भरेर आफ्नै जीवनको लोभ गरेँ आफैबाट। तर आज मायाका सबै रङ आफ्नै लागि हराउँदा त्यही जीवन यसरी कुरूप हुन पुग्यो।

हिजो विमानस्थलबाट बाहिरिएर प्रतीक्षालयमा अनिमेषलाई देख्नासाथ सात वर्ष मैले भोगेका वियोग र वेदनाका सारा कुराहरू बिर्सिए। उनलाई छेउमा पाउना साथ पुलकित भएँ। छोराछोरीलाई वरिपरि खोजे देखिनँ। त्यसपछि "खोई मेरा निमेष र निर्जा" भनेर सोधे। अनिमेषले शिर झुकाउँदै भुईँतिर हेरेर जवाफ दिए, "उनीहरू साथीको घरमा गएका थिए। आउन ढिला गरे ढिलो होला भनेर म चै आएँ।" त्यसबेला मेरो मुटु च्वास्स भयो र पनि चुपचाप सहेँ अरू केही नसोची। अनिमेषले मेरो ब्याग गुडाउँदै ट्याक्सीमा ल्याएर राखे र चुपचाप ट्याक्सीमा चढे। उनको पछिपछि लाग्दै म पनि यन्त्रवत् मानव झैँ भएर उनीसँगै ट्याक्सीमा बसेँ। अनि उनले उही हाम्रो साँखुमा भएको घरको लोकेसन दिँदै ट्याक्सी लान चालकलाई निर्देशन दिए। साँझ झमक्क परिसकेको थियो। सडकका दुइछेउमा भएका बिजुलीका पोलबाट बत्ती झलल्ल बलेर उज्यालिँदा पनि मेरो मन अँध्यारो थियो। सडकमा साना ठूला वहानहरू बत्तीको चहक फ्याकेर सलल बग्दै ध्वनि प्रदूषणले वातावरणलाई नै आक्रान्त पारेको अवस्थामा मेरो मनस्थिति अशान्त भयो। अनि हामी बीचको मौनतालाई भङ्ग गर्दै अनिमेषलाई सोधेँ-"हामीले किनेको नयाँ घर सबै भाडामा नै दिएको छ।"

"हो" मलाई नहेरी उनले एउटै अक्षरमा उत्तर दिए। यत्रो वर्षपछि आफ्नो घरमा आफ्नाहरूसँग सामीप्यको सुख भोग गर्न म आतुर भएकी थिएँ। गेट फूलले गेट छोपिँदै घर भित्ताबाट छानोसम्म लता टाँसिएर उकालिँदै गरेको त्यो घरले हजारौँ कहानी लुकाएर पनि अभिमान बोकेर उभिएको थियो। वरैबाट देखिने झ्यालमा हेरेँ पहिला झैँ यसपटक त्यहाँ कुनै आँखाहरूले चिहाएका थिएनन्। घरमा पुग्नासाथ मेरो उत्साह र उमङ्गका आतुरीहरू व्यर्थ भएर विषाद बन्यो। चकमन्नता ओडेर नियास्रिएको त्यो मेरो घर छोराछोरी बेगर मसँग नै अपरिचित भयो। अनि सशङ्कित भएर कढ्किँदै मैले सोधे "अनिमेष, खोइ मेरा छोराछोरी।"

अनिमेषले झिजो मान्दै मबाट नै तर्कन खोजे। मैले बुझ्न सकिनँ उनलाई। त्यसबेला मैले प्रेम गरेर बिहे भएका पहिलेका मेरा अनिमेष जस्तो देखिन उनलाई। छोराछोरीलाई नदेख्दा मातृत्वले पिरोलेर आहत हुँदै रोएँ। अनिमेषसँग विरक्तिएर रातभर उनीसँगै भएर पनि कोसौं टाढा भएँ। उनीसँग मिलनको चाह अन्त भइसकेको थियो। उनले पनि कुनै भाव प्रकट गरेनन्। अनिदो मेरो मष्तिष्कले अनेक कुरा सोच्दै छटपटिएर रूदै बिताए औँसीको त्यो कालो रात।

सूर्यको चहकिलो आभा चारैतिर फिजारिन नपाई काम पर्‍यो भनेर निस्किएका अनिमेष साँझ परिसक्दा पनि आउने चालचुल छैन। मलाई असैह्य भयो र घर कुर्न बसेका कान्छा कान्छीलाई बोलाएर सोधेँ। उनीहरू निकैबेर बोलेनन्। शिर झुकाएर उभिरहे। बारम्बार प्रश्न गरेपछि हजुरलाई हामीले भनेको मालिकले थाहा पाउनु भयो भने हामीलाई तुरुन्तै यहाँबाट निकाल्नु हुन्छ " भन्दै कान्छो त्यहाँबाट हिँड्यो। कान्छी त्यही घुकघुक गर्दै घोप्टीएर रुन थाली। म अवाक भएर हेरिरहेकी थिएँ। एकछिन पछि कान्छीले रुँदै भन्न थाली "मालिक्नी हजुरको घर परिवार सब लथालिङ्ग भताभुङ्ग भैसक्यो। मालिक पनि हजुरको कमाइले किनेको घरमा एउटी छोरी सहितकी आइमाईसँग बस्नु भएको छ। निरज बाबु पनि भट्टिवालीसँग...निर्जा मैया पनि पुलिससँग आफै बिहे...।" यो के भनेकी कान्छी तैले ? उमेर नै नपुगेको मेरो छोरो...। जीवन नै नबुझेकी मेरी बालख छोरी ...। उफ ! मैले यो के सुन्नु पर्‍यो हरे। किन म याहाँ आएछु।" बसिरहेको कुर्सिमा म फनन घुम्छु। मलाई थाह छैन् यसबेला सपना देख्दैछु वा विपनामा मूर्छित हुन लागेर हो म भासिँदै गएँ भासिँदै गएँ।

स्वास्थ्य

# लामखुट्टेले सार्ने भयंकर रोगहरू



लामखुट्टे पनि फरक-फरक किसिमका हुन्छन्। फरक प्रजातिका लामखुट्टेले फरक रोग सारिरहेका हुन्छन्। लामखुट्टेको टोकाइबाट मलेरिया, डेंगु, ज्वरो, जापानिज इन्सेफ्लाइटिस, हात्तीपाइले, कालाजारजस्ता सरुवा रोग सर्न सक्छ। लामखुट्टेले रोगी मानिसको शरीरबाट ल्याएको कीटाणु स्वस्थ मानिसमा सार्ने गर्छ। त्यसैले लामखुट्टेको टोकाइबाट बच्नुपर्ने हुन्छ।

**मलेरिया**

एनाफिलिज नामक लामखुट्टेको टोकाइबाट मलेरिया रोग लाग्ने गर्छ। यसको प्रमुख कारण प्यारासाइट प्लाज्मोडियमलाई पनि मानिन्छ। टाउको दुख्नु, बान्ता, ज्वरो आउने, ज्यान दुख्नेजस्ता यसका लक्षण हुन्। समयमै उपचार नगरेमा मलेरियाकै कारण ज्यानसमेत जान सक्छ। पाँच वर्षमुनिका बालबालिका, गर्भवती महिला मानिस मलेरियाबाट बढी प्रभावित हुने गर्छन्।

**डेंगु**

लामखुट्टेको टोकाइबाट लाग्ने रोगमध्ये डेंगु सबैभन्दा घातक हो। एडिज नामक पोथी लामखुट्टेको टोकाइबाट यो रोग सर्ने गर्छ। डेंगु भएमा ज्वरो आउने, टाउको दुख्ने, मांसपेशी दुख्ने र शरीरका विभिन्न अंगबाट रगत बग्ने हुन्छ। डेंगु चार प्रकारका हुन्छन्। यदि डेंगु सुरुवाती चरणमा छ भने झोलिलो खानेकुरा खाएर आराम गर्नुपर्छ, आफैँ निको भएर जान्छ। तर, ज्वरो दोहोरिएको अवस्थामा डेंगुले जटिल समस्याहरू निम्त्याउँछ। चिकित्सकले डेंगुको परीक्षण गरेर बिरामीको अवस्था नियाल्दै उपचार गर्ने गर्छन्।

**जापानिज इन्सेफलाइटिस**

जापानिज इन्सेफ्लाइटिसले सीधै दिमागमा असर गर्छ। नसा र स्पाइनल कर्डमा समेत असर पुर्‍याउने भएकाले यो रोगलाई निकै घातक रूपमा लिइन्छ। ज्वरो आउने, टाउको दुख्ने, आँखा रातो हुनेजस्ता लक्षण यो रोग लागेपछि देखिन्छन्। यसको समस्या देखिएपछि शरीरमा अक्सिजनको मात्रा कम हुने भएकाले सास फेर्न गाह्रो हुन्छ।

**लामखुट्टे बढ्नुको प्रमुख कारण**

- तराई क्षेत्र तथा धेरै गर्मी हुने ठाउँमा लामखुट्टे धेरै हुने भएकाले यी ठाउँमा रोगको संक्रमण पनि बढी हुन्छ। तर, विभिन्न कारणले पछिल्लो समयमा पहाडी क्षेत्रमा पनि लामखुट्टे फैलन थालेको छ। त्यसैले यसको जोखिम सबैतिर बढ्न थालेको छ।
- खोला किनार, दूषित पानी भएका स्थान, सहरी क्षेत्र तथा बाक्लो बस्ती भएका ठाउँमा लामखुट्टे चाँडै फैलिन्छ। त्यस्तै, घरको गमलामा पनि लामखुट्टेले फुल पार्न सक्छ। त्यस्तै, पानी जम्ने खालको टायरमा पनि यसले फुल पार्छ। यस्ता क्षेत्रमा सरुवा रोगको महामारीसमेत चाँडै फैलने जोखिम हुन्छ। खासगरी, सरसफाइको अभाव, स्वास्थ्य चेतनाको कमीका कारण लामखुट्टे बढ्छ।

**कसरी बच्ने ?**

- सरुवा रोगबाट जोगिन लामखुट्टेको टोकाइबाट बच्न आवश्यक छ। त्यसैले घरमा फुल रोप्ने गमलामा पानी जम्न दिनुहुँदैन।
- सामुदायिक तवरले नै यसको नियन्त्रण गर्नुपर्छ। पानी जमेको ठाउँमा लामखुट्टेले बढी प्रजनन गर्ने भएकाले खाल्डाखुल्डी पुर्नुपर्छ। ढल र पानी जम्ने ठाउँ हप्तैपिच्छे सफा गर्नुपर्छ। पानीलाई जम्न नदिई बग्ने बनाउनुपर्छ। यसले लामखुट्टेको प्रजननमा बाधा पुर्‍याउँछ र नियन्त्रण गर्न सजिलो हुन्छ।
- राति सुत्दा अनिवार्य रूपमा झुल प्रयोग गर्नुपर्छ।
- घरका झ्याल-ढोकामा लामखुट्टे छिर्न् नसक्ने जालीको अनिवार्य प्रयोग गर्नुपर्छ।
- लामखुट्टेको टोकाइबाट बच्न एक किसिमको लोसन पाइन्छ। सुत्ने वेलामा जिउमा लोसन लगाउने र बिहान नुहाउने गर्नुपर्छ।
- तराई तथा अत्यधिक गर्मी हुने ठाउँमा फुल बाहुला भएको कपडा लगाउनुपर्छ। कतिपयले गर्मी भयो भनेर हाफ बाहुला भएको कपडा लगाउने गर्छन्। तर, लामखुट्टेको टोकाइबाट बच्न अनिवार्य फुल बाहुला लगाएर हिँड्ने गर्नुपर्छ। प्रदूषित ठाउँमा तथा झाडीमा जाँदा पनि यस्तो कपडा लगाउनु आवश्यक हुन्छ।
- लामखुट्टे मार्न टोल-टोलमा विषादी छकर्ने गर्न सकिन्छ। तर, यस्तो विषादी पानीको मुहानमा पर्ने गरी छर्कनुहुँदैन।


# साधना-सूत्र परिचर्चाको आलोकमा

डा. इन्दुल के.सी.

**शुभारम्भ**

श्री योगाचार्य उद्धवप्रसाद भट्टराईज्यूले आफू लेखक एवं सङ्कलक भई प्रकाशन गर्नुभएको पुस्तक पढ्ने अवसर मैले पाएँ। हृदयस्पर्शी, महानतम् अनुभूति, विशिष्टतम् साधना, आत्मज्ञानपरक, ज्ञानबर्द्धक आध्यात्मिक विचार प्रेरक, भक्तिरसपूर्ण एवं रहस्यमय ज्ञान-विज्ञानले ओतप्रोत भएको जीवनउपयोगी नेपाली भाषामा लेखिएको यो पुस्तक पढ्ने र यसमा रहेका अमूल्य ज्ञान र सिप आफ्ना जीवनमा अवलम्बन गर्नुहुने सबैको जीवन धन्य हुनेछ भन्ने मलाई लाग्छ।






**परिचय**

(क) भारतको जम्बु कास्मिरमा जन्मनुभएका स्वामी १००८ सच्चिदानन्द विशुद्धदेव (पूर्णचन्द्र शर्माले दिल्ली विश्वविद्यालयबाट भौतिक शास्त्र, राजनीतिक शास्त्र र दर्शन शास्त्रसमेत तीन विषयहरूमा स्नातकोत्तर गर्नुभएको थियो। साथै वेद, वेदान्त शास्त्र, पुराण, योग, मनोविज्ञान र आयुर्वेद शास्त्रको प्रचुर ज्ञान उहाँले हासिल गर्नुभएको थियो। उहाँले मानसरोवर कैलाश पर्वत नजिकै रहेको गन्धमादन पर्वतमा बिस वर्षसम्म कठोर तपस्या गर्नुभएको थियो। उहाँ चारित्रिक चेतना र आध्यात्मिक ज्ञान प्रसारको सिलसिलामा विश्वका सयौँ मुलुकहरूको यात्रा गरिसकेपछि सन् १९८३ मा नेपाल आउनुभयो। नेपालमा उहाँको बसाइ १८ वर्षमा दाङ जिल्लाको बेलझुण्डी, काठमाडौं स्वयम्भूको गीता मन्दिर, काठमाडौं लाल दरबार तथा काभ्रे जिल्लाको जनागालस्थित हंसदा आश्रममा भएको थियो। उहाँले नेपालमा चरित्र निर्माण सङ्घको स्थापना गर्नुका साथै चरित्र विज्ञान पुस्तक लेखी प्रकाशित गर्नुभयो। नेपालमा हजारौँ शिष्यहरूलाई चरित्र योग-ध्यान आदिको शिक्षा दिनुका साथै सयौँ जनालाई दीक्षा प्रदान गर्नुभयो। स्वामी विशुद्धदेवका शिष्यहरूमा तत्कालीन दरवारका उच्च पदमा रहेका शाही परिवार, राणा परिवारका व्यक्तिहरू, निजामती, सैनिक, बहालवाला तथा भूतपूर्व कर्मचारीहरू, प्रोफेसर, लेखक बुद्धिजीवी तथा सयौँ महिला र सज्जनहरूले उहाँसँग प्रत्यक्ष साक्षात्कार गरी दिव्य चारित्रिक ज्ञान हासिल गरेका थिए। यसै क्रममा उक्त पुस्तकका लेखक श्री उद्धवप्रसाद भट्टराई र यो लेखको पङ्क्तिकार म स्वयम्ले पनि उहाँबाट ज्ञानगुनका शिक्षा प्राप्त गर्नुको साथै दीक्षित हुने सौभाग्य पाएका थियौँ।

यहाँ चर्चा गर्न लागेको उक्त पुस्तकमा २६८ पृष्ठ छन्। यसको आकर्षक आवरण कला श्री माधवप्रसाद भट्टराईज्यूबाट तयार गरिएको स्वामी विशुद्धदेवज्यूको रङ्गीन चित्रले सजिएको छ। यो पुस्तक पाँच भागमा विभक्त छ। प्रथम भागमा सनातन चारित्रिक पुरूष श्री १००८ स्वामी सच्चिदानन्द विशुद्धदेवज्यूसँग साक्षात्कार भएका स्वर्णिम ज्ञान र अनुभूतिहरूअन्तर्गत विभिन्न सात ओटा लेखहरु छन्। दोस्रो भागमा वैदिक ऋषिहरूको विचरण स्थल-हिमालय क्षेत्रको सामान्य परिचयअन्तर्गत पाँच ओटा लेखहरु छन्। तेस्रो भागमा स्वर्णिम साधना एवम् चिन्तन अन्तर्गत २४ ओटा लेखहरु छन्। चौथौं भागमा श्रीमद्भागवत् महापुराणसँग सम्बन्धित केही दिव्य ज्ञानमय कथा अन्तर्गत पाँच ओटा लेखहरु छन्। पाँचौँ भागमा केही दिव्य महापुरूषहरूको सङ्क्षिप्त जीवनकथाअन्तर्गत पाँच ओटा लेखहरु छन्। यसरी यस पुस्तकमा जम्मा ४३ ओटा साह्रै गहकिला लेखहरु रहेका छन्। यो पुस्तक तयार गर्न लेखकले सन्दर्भ सामग्रीको रूपमा ३८ ओटा विभिन्न पाठ्य सामग्रीहरूको फेहरिस्त पनि उल्लेख गर्नुभएको छ।

(ख) लेखक श्री उद्धव प्रसाद भट्टराईज्यूका आर्थिक, सामाजिक, आध्यात्मिक, शैक्षिक, राजनैतिक, प्रसिद्ध माहात्माहरूको जीवनी तथा सन्देश र चारित्रिक चेतना सम्बन्धी लेख रचनाहरु विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भै रहेको हुँदा धेरै पाठकहरूमा उहाँ परिचित व्यक्ति हुनुहुन्छ। यस पुस्तकको बारे अझ बढी बुझ्न चाहनुहुने महानुभावहरूले लेखक श्री योगाचार्य, उद्धव भट्टराईज्यूलाई (फोन नं. ९८४१३४५०६९) मा सम्पर्क राख्न सक्नुहुनेछ।

**यस पुस्तकका बारे तीन जना विशिष्ट महानुभावहरूको उद्गार**

१. तत्कालीन राजपरिषद् स्थायी समितिका सदस्य डा. स्वामी प्रपन्नाचार्यज्यूले आफ्नो शुभकामना मन्तव्यमा लेख्नुभएको छ– "......मेरा अनन्य मित्र स्वामी विशुद्धदेवजीलाई अँगालेर उद्धवप्रसाद भट्टराईजीले स्वामीजीको बारेमा एउटा परिच्छेद नै पूरा लेखेर स्वामीजीको धेरै ऐतिहासिक कुरा प्रस्ट पार्नुभएको छ। यो अत्यावश्यक काम थियो। जो उद्धवजीले पूरा गर्नुभएको छ।"

२. शङ्कराचार्य मठ, देवपतन पशुपतिका डा. स्वामी रामानन्द गिरीजीले शुभ सम्मतिमा लेख्नुभएको छ – ".... यस ग्रन्थमा योगाचार्यज्यूले गागरमा सागर भरेझैँ जीवनका लागि अत्यन्त उपयोगी, अमूल्य रत्नहरूको सङ्ग्रह गर्नुभएको छ। यो ग्रन्थमा के छैन ? सद्गुरूको लक्षण यस ग्रन्थमा छ भने सत्शिष्यको लक्षण पनि त यसमा छ।"

३. राष्ट्रकवि माधवप्रसाद घिमिरेज्यूले आफ्नो मन्तव्यमा लेख्नुभएको छ – "......महर्षि विशुद्धदेव एवम् दिव्य साधना-सूत्र" नामक पुस्तकका प्रणेता - योगाचार्य उद्धवप्रसाद भट्टराईज्यूले महर्षिको जीवनचरित्रलाई सरल शैलीमा लेखेका छन् र स्थिति गत्यात्मक दर्शनलाई पनि रोचक शैलीमा लेखेका छन्।

**अन्त्यमा**

मस्तिष्कमा समझदारी ! काँधमा जिम्मेवारी !! हृदयमा इमान्दारी भन्ने स्वामी विशुद्धदेवज्यूको महान्वाणीलाई आत्मसात् गरी लेखकले लेखेका यस पुस्तकमा रहेका सबै लेखहरु रोचक छन् र ज्ञानवर्द्धक छन्। मानव जीवनमा चरित्रको ठुलो महत्त्व रहन्छ। सबै मानिसहरु चरित्रवान् हुन सके यो धर्ती नै स्वर्ग हुनेछ। चरित्रवान हुनुका साथै मानिसहरूलाई सही शिक्षादीक्षा प्राप्त हुन जरूरी छ। यसरी नै मानिसहरु निरोगी हुनु पनि अत्यावश्यक छ। यसका लागि अति महत्त्वपूर्ण कुराहरु– योग सङ्स्कृति, आध्यात्मिक साधना, योगसाधना, अष्टाङ्ग योग-यम, नियम, आसन, प्राणायम, प्रत्याहार, धारणा, ध्यान, निर्वाण वा समाधिका बारे पनि यस पुस्तकमा विषद्रूपमा चर्चा गरिएको पाइन्छ।

अर्को यस पुस्तकको विशेषताको रूपमा श्रीमद्भागवत् महापुराण महात्म्य, ऋषि गुरु दत्तात्रय, भगवान् श्री कृष्ण, सन्त तुलसीदास, माहात्मा गौतम बुद्ध र शिवपुरी बाबाको बारे पनि समुचित चर्चा गरिएको छ।

शुभम्।

# उपभोक्ता संरक्षण महासंघले कोरियाली कार्यक्रममा प्रतिनिधि गर्ने



काठमाडौं। नेपाली उपभोक्ता संरक्षण महासंघले कानून तथा नीति निर्माण समितिको संयोजकमा अधिवक्ता विष्णु गिरीलाई उपभोक्ता अधिकारसम्बन्धी कार्यक्रममा सहभागिता जनाउन दक्षिण कोरिया जाँदैछन्। बैशाख १८ गते अधिवक्ता गिरी श्रीलंकन एयरलाईन्स मार्फत दक्षिण कोरिया जान लागेका हुन्। कोरियाली उपभोत्ता संघको कार्यक्रममा अधिवक्ता गिरीले नेपालको तर्फबाट प्रतिनिधित्व गर्नेछन्।

अनलाइन नवीकरण, पत्रकारलाई कोभिड खोपमा प्राथमिकता र तत्कालीन ओली सरकारले ल्याएको नागरिकता बिधयक जस्ता जनसरोकारका मुद्धामा सफलता हासिल गरेका अधिवक्ता गिरी पछिल्लो समय उपभोक्ता अधिकारको लागि क्रियाशिल छन्। बैशाख १९ देखी २९ गते सम्म दक्षिण कोरियामा रहदा अधिवक्ता गिरीले कोरियाली उपभोत्ता संघ,कोरिया स्थीत नेपाली राजदुताबास तथा एफएफ डब्लु पी यु कोरियाले आयोजना गर्ने कार्यक्रममा सहभागिता जनाउने छन्।

मेलमिलाप कर्ता समेत रहेका अधिवक्ता गिरी पछिल्लो समय कानून सम्बन्धी बिबिन्न संघ संस्थाले आयोजना गरेका कार्यक्रममा प्रशिक्षकको रुपमा तालिम समेत दिदै आएका छन्। बहुआयामिक अनुभव भएका अधिवक्ता गिरीसँग लामो पत्रकारिता गरेको अनुभव पनि छ। उनी पत्रकार महासंघको बिबिन्न तहमा नेतृत्वदायि भूमिका निर्बाह गरेर काम गरेको अनुभव पनि छ। हाल उनी नेपाल पत्रकार महासंघ उपत्यका प्रदेश समितिका कार्यसमिति सदस्य, श्रमजीबि पत्रकार संघका कानूनी सल्लाहकार लगायत आधा दर्जन बढी संस्थामा कानूनी सल्लाकारको रुपमा काम गरिरहेका छन्। कसैले कुनै गल्ती गर्यो र मलाई यो थाहा थिएन मैले जानीन भनेर क्षमा पाउँदैन त्यसैले पनि हरेक नेपाली र नेपालमा बस्ने बिदेशीले समेत नेपालको कानूनको बारेमा जानकारी आवश्यक भईरहेका बेला अधिवक्ता गिरीले कानुनी साक्षरता अभियान समेत चलाईरहेका छन्।

नेपालको कालोबाजारी, भ्रष्टाचार, गुणस्तरहिन् अखाद्य-बिषादी बस्तुको निर्मुलिकरण गरी सर्वसाधारणको चुलोमा स्वस्थ खाना र जीवनमा स्वस्थता ल्याउन नेपाली उपभोक्ता संरक्षण महासंघ क्रियाशिल रहदै आएको छ। महासंघमा ७ वटै प्रदेशबाट प्रतिनिधित्व गर्दै उपभोक्ता हकहितमा कार्यरत ११ संघहरू आबद्ध छन् तथा महासंघको ७ वटा प्रदेश समितिहरू तथा बिभिन्न जिल्ला समितिहरू क्रियाशील छन्। नेपाली उपभोक्ता संरक्षण महासंघका अध्यक्ष चन्द साउँदले संयोजक गिरीलाई कोरिया भ्रमणको शुभकामना दिएका छन्।

# सुडानमा किन भड्किँदै छ हिंसा ?



विष्णु भट्टराई

सुडान – अफ्रिकी देश सुडानमा दुई सुरक्षा निकायबीचको द्वन्द्व चर्किएको छ । सुडानको सेना र अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) को नेतृत्वबीच शक्ति बाँडफाँटको विषय नमिल्दा गत अप्रिल १५ देखि दुवै सुरक्षा निकायबीच लडाइँ सुरु भएको थियो ।

आइतबार सुडानको सेनाले राजधानी खार्तुममा आरएसएफलाई लक्षित गर्दै सहरका सबै क्षेत्रबाट आक्रमण गरिरहेको जनाएको छ । लडाइँका कारण राजधानीमा लाखौं व्यक्ति फसेका छन् भने त्यहाँ खानाको अभाव हुन थालेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । अन्य देशहरूले पनि सुडानबाट आफ्ना नागरिकको उद्धारकार्यलाई तीव्रता दिएका छन् । लडाइँमा हालसम्म ५ सयभन्दा बढी व्यक्तिको मृत्यु र हजारौं घाइते भएका छन् । यो संख्या अझै धेरै हुन सक्ने आकलन छ । हजारौं सुडानी नागरिक देश छोडेर छिमेकी देशहरूमा विस्थापित भएका छन् ।

छिमेकी देशहरू, अमेरिका, बेलायत र संयुक्त राष्ट्रसंघले सुडानमा युद्धविराम तथा युद्धरत दुवै पक्षलाई वार्ताका लागि पहल गर्दै आएका छन् । तर, बिहीबार थपिएको ७२ घण्टे युद्धविराम शनिबार बेलुकादेखि नै तोडिएको छ । उक्त दिन खार्तुममा सेनाले आरएसएफलाई लक्षित गर्दै हवाई आक्रमण र बमबारी गरेको थियो ।

प्रत्यक्षदर्शीका अनुसार सहरको मुख्य इन्धन प्रशोधन क्षेत्रमा रहेको आरएसएफमाथि सेनाले ड्रोन आक्रमण गरेको थियो । 'बिहान फाइटर जेट तथा विमान नष्ट गर्ने हतियारको आवाजसँगै उठेका छौं,' आइतबार एक स्थानीयले एएफपीलाई भने । बेलायत सरकारले शनिबार नै सुडानबाट आफ्नो उद्धार सकेको छ । उसले हवाई उडानमार्फत १ हजार ९ सय जनाको उद्धार गरेको जनाएको छ । यस्तै, अमेरिकाले पनि सुडानबाट आफ्ना नागरिकलाई उद्धार गरेर साउदी अरब लगेको छ ।

आरएसएफ र सेनाले राष्ट्रपति रहने क्षेत्र, खार्तुम विमानस्थल र अन्य महत्त्वपूर्ण क्षेत्र आफ्नो नियन्त्रणमा लिएको छ । स्थानीय बासिन्दालाई भने सुरक्षित स्थानतर्फ जान आदेश दिइएको छ । आइतबार नै रेडक्रसले सुडानमा आठ टन राहत तथा स्वास्थ्य सामग्री पुऱ्याएको छ । हाल खार्तुममा ७० प्रतिशत अस्पताल बन्द रहेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् ।

सुडानमा राष्ट्रपतिको हैसियतमा सेनाका प्रमुख जनरल अब्देल फत्ताह अल बुर्हान छन् भने उनीपछिको दर्जामा आरएसएफ प्रमुखमा 'हेमेत्ती' भनेर चिनिने मोहम्मद हमदान दागालो छन् । सन् २०१९ मा सैन्य विद्रोह गरी तत्कालीन शासक ओमार अल बसिरलाई सत्ताबाट हटाउन उनीहरूले सहकार्य गरेका थिए । सन् २०२१ अक्टोबर २५ मा सैन्य कु भएपछि काउन्सिल अफ जनरलबाट देश सञ्चालन गर्न थालियो ।

सेना प्रमुख अब्देल फत्ताह र आरएसएफका प्रमुख हेमेत्तीबीच राज्य सञ्चालनको विषयलाई लिएर विवाद भइरहेको थियो । अहिले आरएसएफ मातहतका १ लाख अर्धसैनिकलाई सेनामा आबद्ध गर्ने विषयले द्वन्द्वको रूप लिएको हो । आरएसएफले यो भिडन्तलाई 'आफ्ना जनताको अधिकार पुनःस्थापना गर्ने लडाइँ' भन्दै आएको छ । आरएसएफका कमान्डर हेमेत्तीले झडप नसकिएसम्म वार्ताका लागि तयार नभएको बताएका छन् । सेना प्रमुख बुर्हानले भने दक्षिण सुडानमा वार्ताका लागि तयार भएको प्रतिक्रिया दिएका छन् ।

विवादको अर्को कारण २००३ देखि डार्फर द्वन्द्वका क्रममा युद्ध अपराधको आरोप लागेका सेना र उसका सहयोगीले न्यायको खोजी गर्नु पनि हो । अन्तर्राष्ट्रिय फौजदारी अदालतले बसिर र अन्य सुडानी संदिग्धहरूका लागि मुद्दा चलाउन खोजिरहँदा यति बेला द्वन्द्व चर्किरहेको छ । २०१९ मा प्रजातन्त्रवादी प्रदर्शनकारीहरूको सामूहिक हत्यामा संलग्न सैन्य बलका नेताहरू पनि यति बेला न्यायको खोजीमा छन् ।

यसबीचमा सुडानका पूर्वप्रधानमन्त्री अब्दुल्ला हमदुकले दुवै पक्षलाई संवादका लागि अन्तर्राष्ट्रियस्तरमा एकीकृत प्रयास गर्न अपिल गरेका छन् । उनले यो एकप्रकारको मूर्खतापूर्ण लडाइँ भएको जनाउँदै कुनै पनि पक्षले जित्न नसक्ने बताएका छन् । तर यो लडाइँबाट देशको अवस्था भने सिरिया र लिबियाजस्तो हुन सक्ने उनले चेतावनी दिएका छन् । 'यदि यो लडाइँ जारी रह्यो भने विश्वका लागि यो दुःस्वप्न सावित हुनेछ,' उनले भने ।

जघन्य मानव अधिकार हननमा संलग्न क्रूर लडाकु समूहको नेतृत्वबाट उदाएका लेफ्टिनेन्ट जनरल मोहम्मद हमदान आफूलाई प्रजातन्त्रको प्रखर दाबी गर्छन्

सुडानमा गत शनिबारदेखि मुख्य सेना र अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्सबीचको संघर्ष अन्त्य हुन सकेको छैन । संघर्षको केन्द्रमा छन्, कुनै वेला उँट व्यापारी रहेका लेफ्टिनेन्ट जनरल मोहम्मद हमदान । अर्धसैनिक फौजको बलमा हमदानले पछिल्लो दुई दशकभित्र ठूलो प्रभाव र सम्पत्ति हासिल गर्न मात्रै सफल भएनन्, सत्ताको शिखरमा पुगेका थिए ।

अहिले देशको सेनासँगको प्रत्यक्ष भिडन्तलाई धेरैले उनले हालसम्म सामना गरेको सबैभन्दा ठूलो चुनौतीको रूपमा हेरिएको छ । शक्ति हासिल गर्ने महत्वाकांक्षाका लागि उनी कुनै वेलाका आफ्नै संरक्षक राष्ट्रपति ओमर हसन अल-बासिरविरुद्ध उभिन तयार थिए । कुनै औपचारिक शिक्षा हासिल नगरेका भए पनि हमदानमा ठूलो राजनीतिक चातुर्य देखिन्छ, जुन कुरा उनले अल-बासिरविरुद्ध उभिँदा पनि देखाइसकेका थिए ।



जघन्य मानव अधिकार हननमा संलग्न क्रूर मिलिसिया समूहको नेतृत्वबाट उदाएका हमदानले पछिल्लो समय आफूलाई प्रजातन्त्रको प्रखर समर्थक देखाउन थालेका छन् । यसका पछाडि पश्चिमा शक्तिको समर्थन हासिल गर्ने उद्देश्य लुकेको विश्लेषक बताउँछन् । उनले रुस र त्यहाँको शक्तिशाली वाग्नर सैन्य कम्पनीको सहयोग लिइरहेका छन् । वाग्नरले हमदानको व्यापारिक स्वार्थ जोडिएको सुडानका सुनखानीको सुरक्षा दिनेदेखि उनको फौजलाई सैन्य उपकरणको आपूर्ति गर्दै आएको छ ।

सुडानभित्र हेमेद्ती भनेर चिनिने हमदान सुरुमा देशको पश्चिम क्षेत्रस्थित डार्फरमा व्यापार गर्थे । उनको व्यापारिक वाहनमाथि विद्रोहीहरूले आक्रमण गरेर परिवारका सदस्यसहित झन्डै ६० जनाको ज्यान लिएपछि हेमेद्तीले हतियार उठाएको उनका पूर्वसहायक मुहम्मद साद बताउँछन् ।

बहुसंख्यक अरबीभाषी रहेको सुडानमा अन्य भाषाभाषीले पहिलेदेखि समान अधिकारको माग गर्दै आएका थिए । आफ्नो माग पूरा नभएपछि डार्फर क्षेत्रका गैर-अरेबिकहरू सन् २००३ देखि विद्रोहमा उत्रिए । केन्द्रस्थित खार्तुमको सरकारले विद्रोह दबाउन स्थानीय अरेबिक मिलिसियालाई प्रयोग र समर्थन गर्ने नीति लियो । यसमा सबैभन्दा सफल बनेर उदायो, हेमेद्ती नेतृत्वको मिलिसिया समूह 'जन्जाविद' ।

सुडानमा झन्डै ३० वर्ष तानाशाही शासन चलाएका राष्ट्रपति अल-बासिर मोहम्मद हमदानको युद्धकौशलबाट यति प्रभावित भए कि राष्ट्रपतिले उनलाई दाहिने हातका रूपमा काखी च्यापे । अल-बासिरले डार्फर द्वन्द्वपछि राज्यका अन्य क्षेत्रमा उठेका विद्रोह दबाउन पनि हमदान र उनको फौजको सहयोग लिन थाले । यसबाट हमदानको शक्ति बढ्न थाल्यो । समयसँगै उनले नेतृत्व गरेको फौजको संख्या र शक्ति बढ्दै गयो ।

सुडानभित्र हेमेद्ती भनेर चिनिने हमदान सुरुमा देशको पश्चिम क्षेत्र डार्फरमा व्यापार गर्थे । उनको व्यापारिक वाहनमाथि विद्रोहीहरूले आक्रमण गरेर परिवारसहित झन्डै ६० को हत्या गरेपछि हेमेद्तीले हतियार उठाएको उनका पूर्वसहायक मुहम्मद साद बताउँछन् ।

राष्ट्रपति बासिरले हमदानको मिलिसिया जन्जाविदलाई सीमा क्षेत्रमा हुने अनधिकृत क्रियाकलाप नियन्त्रण गर्ने अधिकारसहितको सीमा सुरक्षा बलको रूपमा प्रयोग गर्न स्वीकृति दिए । सन् २०१३ मा विधिवत् रूपमा 'जन्जाविद' र्‍यापिड सपोर्ट फोर्सेस(आरएसएफ) गठन भयो । अल-बासिरले यस फौजलाई सन् २०१७ मा सरकारको एक सैन्य दस्ताको दर्जा दिए । र, फौजका प्रमुख हमदानलाई लेफ्टिनेन्ट-जनरल पदवी दिए ।






सुडान एकपछि अर्को आर्थिक संकटमा पर्दा जनरल हमदान भने सुन व्यापारबाट देशकै सबैभन्दा धनीमध्ये एक बनेका छन् । 'म पहिलो व्यक्ति होइन, जसको सुनखानीहरू छन् । हामीसँग सुनखानी भएको कुरा सही हो । हामीलाई सुनमा काम गर्न कुनै तागतले रोक्न सक्दैन,' जनरल हमदानले बिबिसीसँगको एक अन्तर्वार्तामा भनेका थिए ।

पछिल्लो समय जनरल हमदानले यमन युद्धमा साउदी अरब र युएईको पक्षमा लड्न आफ्नो फौज पठाएपछि उनले थप शक्तिशाली मित्र बनाउन सफल भएका थिए । वर्षौंसम्म राष्ट्रपति अल-बासिरलाई समर्थन गरेका जनरल हमदानले आम जनमत बासिरविरुद्ध भएसँगै चटक्कै उनलाई छाडिदिए । अल-बासिरको बहिर्गमनको माग गर्दै प्रदर्शन भइरहँदा उनले राष्ट्रपतिविरुद्ध सेनाले गरेको 'सफ्ट कु'लाई सघाए ।

सुरुमा सुडानी सेनाले हमदान नेतृत्वमा अर्धसैनिक बलको गठनलाई शंकाको नजरले हेरेको थियो । तर, सन् २०१९ मा आरएसएफले सुडानी सेनालाई पहिले बासिरविरुद्ध र पछि संक्रमणकालीन सरकार अपदस्थ गर्न सघायो । दुई सैन्य बल नजिकिए । सेनाकै स्वीकृतिमा जनरल हमदान सत्ता बाँडफाँडमा देशको दोस्रो वरीयताको पदमा राखिए ।

तर, पछिल्लो समय आरएसएफलाई देशको सेनामा समायोजन गर्ने विषयमा सेना र आरएसएफबीच विवाद पुनः सतहमा आयो । विवाद त्यतिबेला चर्कियो जतिबेला जनरल हमदानले आफ्नो फौजलाई राजधानीमा परिचालन हुन आह्वान गरे । यही कार्यबाट बढेको तनाव दुई सैन्य समूहबीच भिडन्तमा बदलिएको छ । देशको सेनासँगको प्रत्यक्ष भिडन्तलाई अहिलेसम्मकै ठूलो चुनौतीको रूपमा हेरिएको छ । 'यो मान्छे अपराधी हो,' सुडानी सेना प्रमुख तथा देशका वर्तमान शासक जनरल अब्देल फताह अल-बुरहानले जनरल हमदानबारे टिप्पणी गरे । सुडानका पहिलो र दोस्रो वरीयतामा रहेका यी दुई सैन्य अधिकारी अब शत्रुमा बदलिएका छन् । सेनाले हमदानलाई 'विद्रोही'को संज्ञा दिएको छ ।

शनिबारको भिडन्तअघि हमदानले प्रजातन्त्रको धेरै उल्लेख गर्न थालेका थिए । यहाँसम्म कि उनले सन् २०२१ को अक्टोबरमा तत्कालीन संक्रमणकालीन नागरिक सरकारविरुद्धको कुलाई समेत गल्ती भन्न थालेका थिए । तर, उनको पछिल्लो बोली परिवर्तनका बाबजुद डार्फर क्षेत्रमा विद्रोहीविरुद्ध उनको फौजले गम्भीर मानव अधिकार हनन गरेको आरोप छ । सन् २००३ मा सुरु भएको द्वन्द्वमा झन्डै तीन लाखको ज्यान गएको थियो ।

सन् २०१९ मा सेनाको हस्तक्षेपले अल-बासिरको बहिर्गमन भएपछि पनि पूर्ण नागरिक सरकारको माग गर्दै आन्दोलन चलिरह्यो । दुई महिनापछि जुन २०१९ मा जनरल हमदानको फौजले तत्काल नागरिक शासनको माग गर्ने प्रदर्शनमाथि बल प्रयोग गऱ्यो । घटनामा कम्तीमा ११८ जनाको हत्या भयो । यी विगतका आधारमा धेरैले आरएसएफ र सुडानी सेनाबीचको पछिल्लो संघर्षलाई प्रजातन्त्रका लागि नभएर हमदानको व्यक्तिगत महत्वाकांक्षाका लागि भएको द्वन्द्व मानेका छन् ।

# देश छोड्दै श्रीलंकाको मध्यम वर्ग

गत वर्ष श्रीलंकामा आर्थिक संकट उत्कर्षमा पुगेको वेला इन्धन र खाना पकाउने ग्यास डिपो र अध्यागमन विभागमा उस्तै लाइन लागेका थिए । सन् २०२२ मा अहिले सम्मकै उच्च संख्यामा करिब आठ लाख ७५ हजार राहदानी जारी भए । कोलम्बोको अध्यागमनमा लागेको त्यो भिड महामारीमा रोकिएर महामारी थामिएपछि बाहिर जान लागेका मानिसहरूको भिड थिएन । अभाव, महँगी, उच्चदरको मुद्रास्फीति र अनिश्चितताको पीडाबाट भाग्न खोजिरहेका आमकामदारहरूको भिड थियो ।

सरकारी तथ्यांकअनुसार सन् २०२२ मा श्रीलंकाबाट देशका दुई करोड २० लाख जनसंख्यामध्ये तीन लाख मानिस रोजगारीका लागि बिदेसिए । उनीहरूमध्ये अधिकांश न्यून एवं अर्धदक्ष कामदार थिए । चालू वर्षको जनवरीदेखि मार्च महिनासम्ममा थप ७३ हजारले देश छोडेका छन् । पलायन हुने लाइनमा अब मध्यम वर्गका दक्ष पेसाकर्मीहरू पंक्तिबद्ध हुन थालेका छन् ।

थुप्रै उद्योगका प्रमुखहरू आफूहरूले कर्मचारी गुमाइरहेको बताउँछन् । लामो अनुभव र प्रशिक्षणबाट तयार हुने म्यानेजरहरूसमेत काम छोडेर बिदेसिन थालेका छन् । कम्पनीहरू विशेष गरी आइटी र अन्य माग भएका पेसामा



२० देखि ३५ वर्ष उमेर समूहका कर्मचारीहरूमा आउने-जानेक्रम सामान्य मान्छन् । तर, अहिले ४० र ५० को दशकमा हिँडिरहेका अनुभवी कर्मचारीहरूले समेत काम छाड्न थालेका छन् ।

श्रीलंकाको दीर्घ संकटले उनीहरूलाई देश छोड्न प्रेरित गरिरहेको छ । गत फेब्रुअरीमा मुद्रास्फीति दर ५०.६ प्रतिशत थियो । कर बढिरहेको छ, तर ज्यालामा वृद्धि एकदमै छैन । गत जनवरीबाट राष्ट्रपति रनिल विक्रमासिंघेले आयकर वृद्धि गरेका छन् । अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)ले श्रीलंकाको 'आय कर विश्वकै कम रहेको' भनेपछि उनले आइएमएफको चासेलाई सम्बोधन गर्न कर वृद्धि गरेका हुन् ।

त्यसपछि आइएमएफले गत हप्ता मात्रै श्रीलंकाका लागि २ अर्ब ९० करोड अमेरिकी डलरको प्याकेज स्वीकृत गरेको छ । उच्चतम कर ३६ प्रतिशत रहेको छ, जुन अझै न्यून नै हो । विपक्षी नेसनल पिपुल्स पावर पार्टीले कर वृद्धिले श्रीलंकामा 'इतिहासकै ठूलो ब्रेन ड्रेन (प्रतिभा पलायन)' निम्त्याउने खतरा सिर्जना गरेको बताउँछ । उसको अनुमान सही साबित हुन सक्छ ।

वर्षे एअर ट्राफिक कन्ट्रोलर रजिता सेनेभिरत्ने आफूलाई पनि मध्यपूर्वबाट प्रस्ताव आएको बताउँछन् । उनी विदेशी भर्ती एजेन्टहरूले सामाजिक सञ्जालबाट श्रीलंकन युवा पेसाकर्मीहरूलाई भर्ती गरिरहेको बताउँछन् । गत महिना एअर ट्राफिक कन्ट्रोलर युनियनले थप चार-पाँचजनाले जागिर छोडे भने एअर ट्रफिक कन्ट्रोलको काममै समस्या आउने चेतावनी दिएको थियो ।


आइटी क्षेत्रबाट पनि हजारौं युवा कामदार पलायन भएका छन् । श्रीलंकाको सबैभन्दा तीव्रगतिमा वृद्धि भइरहको उद्योगमध्येको एक आइटी क्षेत्र समस्यामा पर्न थालेको छ । गत वर्षको जनवरीदेखि अगस्टसम्ममा ४७७ सहित कैयौं सय चिकित्सक पलायन भएका छन् । निरन्तरको श्रम बहिर्गमनले ग्रामीण अस्पतालहरूलाई निकम्मा बनाउन सक्छ । तर पनि, विदेशी मुद्राको सबैभन्दा ठूलो स्रोत रेमिट्यान्स बढ्ने आशामा श्रीलंका सार्वजनिक क्षेत्रको ज्याला कस्दै बहिर्गमनलाई प्रोत्साहित गरिरहेको छ । पलायन भइरहेका डाक्टरहरूले सार्वजनिक क्षेत्रका कामदारहरूका लागि गत जुनबाट सुरु गरिएको सुविधाको फाइदा उठाइरहेका छन्, जसअनुसार उनीहरूले विदेशमा काम पाएर मासिक १०० देखि ५०० डलर रेमिट्यान्स पठाउँदा पाँच वर्षसम्म बेतलबी बिदा पाउनेछन् ।

वैदेशिक रोजगारमन्त्री मनुसा नानायाकारा श्रीलंकन कामदारहरूलाई विदेश पठाउने विभिन्न योजनाको परीक्षण गरिरहेका छन् । उनको कार्यालयले सामाजिक सञ्जालबाट विदेशी सरकारका लागि रोजगारीका विज्ञापन खोल्ने गर्छ । उसले 'राता यामु' र 'लेट्स गो एब्रोड' नामको एउटा ह्वाट्सएम ग्रुप र युट्युब च्यानलमार्फत सरकारी रोजगार एजेन्सीमार्फत जान सकिने रोजगारीहरूको प्रचार-प्रसार गरिरहेको छ ।

*(एजेन्सीहरूको सहयोगमा)*

प्रेरक

## बुद्ध र हात्ती



बुद्ध पटना (पाटलीपुत्र) मा आएका थिए । राजा बिम्बिसारको मृत्युले जनता शोकाकुल बनेका थिए । २१ वर्षकै उमेरका राजा बुद्धभन्दा पाँच वर्ष कान्छा थिए । उनी २१ वर्षकै उमेरका राजा भएका थिए र ५१ वर्ष शासन गरेका थिए । जीवनको उत्तरार्द्धमा उनले बौद्ध धर्म अपनाएका थिए । यिनकै मृत्युमा दुःख प्रकट गर्न बुद्ध त्यहाँ आएका थिए । जब बुद्ध नगरको बीचमा आइपुगे एउटा मत्त हात्ती बेजोडका साथ नगरतर्फ आयो । मान्छेहरूको भागाभाग भयो । बुद्धका शिष्य जो बुद्धसँगै थिए आनन्द, उनले पनि बुद्धलाई भाग्य आग्रह गरे । तर बुद्ध भने हात्ती हार्निदै आएको हेर्न थाले । परबाट हेर्ने मानिसहरूले अडकल गरे आज बुद्धलाई हात्तीले मार्नेछ ।

जब हात्ती बुद्धको नजिक आइपुग्यो, बुद्धले ठूलो स्वरमा पोथी हात्ती (ढोई) को आवाज निकाले । उनले यस्तो आवाज लगातार निकालिरहे । त्यो अघिको बहुला जस्तो हात्ती त बुद्धको अगाडि थचक्क पो बस्यो । बुद्धले हात्तीको टाउको सुमसुम्याइदिए र यसलाई हस्तेबेलामा लैजान भने । हस्तेबेलाका कामदारहरूले हात्तीलाई जंजिरमा बाँधे र दरबारको हस्तबेलातर्फ लगे । हस्तबेलाका कामदारहरूले हात्तीले पोथी हात्ती खोजेर साङ्लो चुँडाएको बुद्धलाई जानकारी गराए र माफी मागे । पोथी हात्तीको आवाजले नै त्यो मत्तहात्ती शान्त भएको रहस्य बुद्धले सबैलाई बताए ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

रोकिएका काम बन्नाले उत्साह जाग्नेछ । संघर्ष गरेरै अधिकार स्थापित गर्न सकिनेछ । व्यापार बढ्नुका साथै आर्थिक लाभ हुने काममा मनग्य फाइदा हुनेछ । प्रयत्न गर्दा सजिलै लक्ष्य प्राप्त हुनेछ । मिहिनेतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ । भौतिक साधन जुट्नाले फाइदा हुने काम सुरु हुनेछ । प्रतिस्पर्धीहरू किनारा लाग्नेछन् भने सहयोगीहरूले राम्रो साथ दिनेछन् । परिश्रम प्रशस्त गर्नुपर्नेछ ।

### वृष

प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । फाइदाको स्रोत पहिल्याउन सकिनेछ । प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन् । सेवामूलक कामबाट धनलाभ हुनेछ । स्वास्थ्य सबल रहनेछ । अध्ययनमा प्रगति हुनुका साथै ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । समय लागे पनि तारिफयोग्य कामले अरूको उपकार गर्न सकिनेछ ।

### मिथुन

हतारको निर्णयले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला । समयमा जुट्न नसक्दा काम रोकिन सक्छ । अरूका लागि उपयोग भइनेछ र बेसुरमा दिइएको वचनले अप्ठ्यारो पार्न सक्छ । साइनो गाँसेर लाभ उठाउनेहरूले दुःख दिनेछन् । बाहिरि काम छोडेर पनि आफन्त र परिवारजनलाई समय दिनुपर्ला । कृषि, पशुपालन तथा घरेलु कामकाजमै बढी समय बित्नेछ । धार्मिक कार्यमा सहभागी हुने योग छ । मान सम्मान मिल्नेछ । चिताएको काम पूरा हुनेछ ।

### कर्कट

अग्रज तथा सहयोगी जुट्नाले सोचेको लाभ उठाउन सकिनेछ । कर्मयोगले नयाँ मोड लिनेछ भने पुरुषार्थी काम सम्पादन गर्दै नाम, दाम र इनाम आर्जन गर्न सकिनेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ । शत्रु परास्त हुनेछन् भने प्रतिस्पर्धीहरू पछि हट्नेछन् ।

### सिंह

बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सम्पादित कामबाट मनग्गे धन लाभ हुनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ । बोलीको भरमा चिताएको काम सम्पादन हुन सक्छ । विचारले धेरैलाई आकर्षण गर्ने समय छ । प्रशंसकहरू बढ्नेछन् । सहयोगीहरूले साथ दिनेछन् भने रोकिएका काम पनि सम्पादन हुनेछन् ।

### कन्या

नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने वेला छ । रचनात्मक काम प्रारम्भ गर्ने समय छ । सहयोगीहरूले राम्रो साथ दिनेछन् भने पहिलेको सफलताले पनि थप काम गर्न हौसला प्रदान गर्नेछ । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ ।

### तुला

छिमेकमा असमझदारी बढ्ने देखिएकाले होसियारीसाथ काम लिनुहोला । फाइदाका लागि केही वस्तु त्याग्नुपर्ला । आफ्नो धनमालमा अरूले दाबी गर्न सक्छन् । समयमा काम साँच्नाले व्यवहारमा पछि परिनेछ । लगानीअनुसार फाइदा कम हुनेछ । आफ्ना सामानमा अरूले दाबी गर्न सक्छन् । यात्रा गर्दा धनमाल सुरक्षामा ध्यान दिनुहोला । सरसापटमा केही रकम बाहिरिन सक्छ ।

### वृश्चिक

दिन उत्साहवर्द्धक रहला । मेहनतले आम्दानी बढाउनेछ । व्यापार बढ्नुका साथै पेसा-व्यवसायमा लाभ हुनेछ । सानो प्रयत्न गर्दा फाइदा हुन सक्छ । आयस्रोत बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि तथा पशुपालनमा मनग्य धन आर्जन हुनेछ । श्रमको उच्च मूल्यांकन हुनुका साथै दिगो फाइदा हुने काम प्राप्त हुन सक्छ । सञ्चित धन उपयोग गर्दा फाइदा हुनेछ ।

### धनु

नयाँ कामले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ । कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ । मिहिनेतले सजिलै लक्ष्यमा पुर्याउनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने मौका पाइनेछ । पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ । व्यवसायमा पनि राम्रै फाइदा हुनेछ । कर्मयोगले मानसम्मान समेत दिलाउनेछ ।

### मकर

धर्ममा श्रद्धा र परोपकारमा मन जान्नेछ । नयाँ जिम्मेवारी प्राप्त हुनेछ । व्यापार-व्यवसायमा पनि प्रशस्त फाइदा हुनेछ । विशेष अवसरले मन प्रफुल्लित हुनेछ । टाढिएका साथीभाइ नजिकिनाले हर्ष बढ्नेछ । भाग्यले विशेष अवसर दिलाउनेछ । पहिलेका समस्या र चुनौती समाप्त हुनेछन् । गरेको कामले नाम र दाम दिलाउनेछ । योजना पूर्ण नभए पनि धनलाभ अवश्य हुनेछ ।

### कुम्भ

परिस्थितिवश केही समस्यामा अल्झनुपर्ने देखिन्छ । अस्वस्थताले कमजोर भएको अनुभूति हुनेछ । अरूका विषयमा चासो लिँदा आफ्नो काम बिग्रन सक्छ । जीवनशैली व्यस्त रहे पनि कम महत्वका काममा समय बित्नेछ । कमजोर नतिजा सच्याउन दोहोर्याएर प्रयत्न गर्नुपर्ला । काममा धेरै दौडधुप गर्नुपर्दा स्वास्थ्य कमजोर हुनेछ । अर्थ अभावले पनि मन पिरोलिन सक्छ ।

### मीन

केही खर्च लागे पनि घुमफिर तथा मनोरञ्जनको समय छ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउनेछ । व्यवसायको सन्दर्भमा पनि रमाइलो यात्रा हुनेछ । अतिथिका रूपमा सत्कार पाइनेछ । परिस्थिति अनुकूल रहे पनि भौतिक सुविधाले खर्च निम्त्याउन सक्छ । विशेष निम्तो प्राप्त हुनाले आतिथ्य खर्चिलो बन्नेछ । तर, मनोरञ्जनमा अलमलिँदा लक्ष्यमा पुग्न बाधा पर्नेछ । प्रेमिकाबाट साथ सहयोग पाउने योग छ ।

# बूढानीलकण्ठमा जेष्ठ नागरिकको बुढ्यौली स्याहारका विषयमा सचेतना गोष्ठी



काठमाडौं । बूढानीलकण्ठ नगरपालिकाले जेरियाट्रिक सोसाइटि नेपालको सहकार्यमा जेष्ठ नागरिकहरूको स्वास्थ्य तथा बुढ्यौली स्याहारका बारेमा सचेतना कार्यक्रम गरेको छ । नगर प्रमुख मिठाराम अधिकारी तथा उपप्रमुख अनिता लामाको उपस्थितिमा नगरले सो कार्यक्रम गरेको हो । पछिल्लो समय जेष्ठ नागरिकहरूको स्वास्थ्य तथा बुढ्यौली स्याहारका बारेमा चासो बढीरहेको छ । जेष्ठ नागरिकहरूको लागि विशेष स्याहारको व्यवस्था गर्न सकिएन भने उनीहरूको स्वास्थ्य जोखिम बढ्ने कुरा विज्ञहरूले रहेको पाइन्छ । विशेषगरी जेरियाट्रिकले सोसाइटि जेष्ठ नागरिकहरूको स्वास्थ्यमा केन्द्रित रहेर काम गरिरहेको छ । सोसाइटीले एज केयरको तालिम सञ्चालन गरी स्वदेश तथा विदेशमा काम गर्न चाहने युवायुवतिहरूलाई एजकेयरको अवसरमा जोडने काम गरिरहेको छ ।

विभिन्न नगरपालिकाहरूसँग प्रत्यक्ष समन्वय गरी जेष्ठ नागरिकको स्वास्थ्य हेरचाहमा सोसाइटिले अभियानको रुपमा कार्यक्रमहरू निरन्तर गरिरहेको सोसाइटिले बताउदै आएको छ । बूढानीलकण्ठ नगरपालिकाको जनस्वास्थ्य महाशाखाले नगरक्षेत्र भित्रका जेष्ठ नागरिकहरूको स्वास्थ्य हेरचाहका बारेमा विशेष चासोका साथ काम गरिरहेको र नगरक्षेत्रमा रहेका जेष्ठ नागरिकहरूको स्वास्थ्यलाई मध्यनजर गरी नगरले स्वास्थ्य अभियान चलाइरहेको छ । सचेतना मुलक कार्यक्रममा बीर अस्पताल तथा के एम सि अस्पतालका जेष्ठ नागरिक विशेषज्ञहरूले जेष्ठ नागरिकहरूको हेरचाहमा कसरी विशेष ध्यान पुर्याउने ? र उनीहरूको स्वास्थ्यमा आएको समस्यालाई समाधानको लागि कसरी सहजिकरण गर्ने बारेमा विशेष प्रस्तुती गरेका थिए । जेष्ठ नागरिकको स्वास्थ्यमा ध्यान दिन बेवास्ता गरियो भने जोखिम निम्तीने हुनाले यस तर्फ हरेक परिवार सचेत र सजग हुन जरुरी रहेको विशेषज्ञहरूको सुझाव थियो । कार्यक्रममा सोसाइटिको बारेमा बताउदै डा. सुमन्त प्रसाद बन्जाडेले जेष्ठ नागरिकहरूको स्वास्थ्य हेरचाहमा नगरपालिकाले चाहेको अवस्थामा हामी निरन्तर सहकार्य गर्न तयार रहेको बताउनु भएको थियो ।

नगर प्रमुख मिठाराम अधिकारीले नगरपालिकाले जेष्ठ नागरिकहरूको हितको लागि विभिन्न अभियानहरू चलाइरहेको र यस सोसाइटिले जेष्ठ नागरिकको स्वास्थ्य हेरचाहमा चासो राखेर नगरपालिकासँग जोडिन आएकोमा विशेष धन्यवाद भन्दै आगामी दिनहरूमा सोसाइटिसँग सँगै सहकार्य गर्ने कुरा बताउनु भएको थियो । नगरपालिकाले यस नगरभित्र एज केयरको तालिम सञ्चालन गरी जेष्ठ नागरिकहरूको स्वास्थ्य हेरचाहका लागि विशेष अभियान चलाउने परिकल्पना समेत आफूले गरेको कुरा नगरप्रमुखले बताउनु भएको थियो । कार्यक्रममा आगामी योजना तथा बजेटमा जेष्ठ नागरिकको लागि एज केयरको कार्यक्रम ल्याउने बारेमा पनि छलफल भएको थियो । ज्येष्ठ नागरिकमा हुने रोग तथा स्वास्थ्य समस्या, रोग नियन्त्रण एवं व्यवस्थापनका बारेमा ज्येष्ठ नागरिकरोग विशेषज्ञ,डा.उमेश बोगटी, बीर अस्पताल एवं के एम सिअस्पतालका डा. अनन्त अर्यालद्वारा प्रस्तुति गरिएको थियो । प्रस्तुति महत्वपूर्ण रहेको कुरा वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरूले बताउनु भएको थियो ।

कार्यक्रममा स्वास्थ्य विभाग, जेरियाटिक तथा लैंगिक हिंसा व्यवस्थापन शाखा, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, ज्येष्ठ नागरिक संरक्षण शाखा, सिंहदरबार, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, प्रहरी प्रभाग कपन, प्रत्येक वडा अन्तर्गत रहेका ज्येष्ठ नागरिक समितिका अध्यक्षहरू ,ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र तथा आश्रम, संघसंस्था, प्रमुख तथा प्रतिनिधि, सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू नगर बालक्लब संजालसंचारकर्मीवडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू स्वास्थ्यकर्मी स्वास्थ्य स्वयमसेविकाहरू साथै सरोकारवाला पक्षको बाक्लो उपस्थिती रहेको थियो ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Presumptuous = आफूले गरेको निर्णय अरूको लागि मान्य हुनु पर्दछ भन्ने भावना । कसैलाई केही कुराको लागि बाध्य पार्नु Would it be presumptuous of me to ask you to donate ?! मैले तपाईंसँग चन्दा माग्दा कतै तपाईंलाई मैले बाध्य पारें भन्ने ठान्नु हुन्छ कि ?

Quail = डराएको अनुभव गर्नु She quailed to address a big crowd for the first time in his life पहिलो पटक एक ठूलो जमातको अगाडि बोल्न पर्दा तिनले डराएको महसुस गरिन ।

Ruminate = लगातार चपाइरहनु, उग्राउनु Goats and cows graze fast and ruminate at leisure बाख्रा र गाईहरू छिटोछिटो चर्छन् र फुर्सतमा उग्राउँछन् ।

Strut = घमण्डले फुलेर हिंड्नु She passed us struted by ignoring our greeting हाम्रो अभिवादनलाई वास्ता नै नगरी उनी हामी हुँदै अगाडि लागिन ।

Tumid = क्लिष्ट His presentation is loved by all because he prefers writing less tumid poems उस्का कविताहरू कम क्लिष्ट भएको हुंदा सबैले उसका प्रस्तुतिलाई मन पराउँछन ।

Unsavory = बेस्वादको, असंवेदनशील, अमिल्दो, I do not like the unsavory mixture of curry and stale rice तरकारीसँग मिसाइएको बेस्वादको बासी भात मलाई मन पर्दैन ।

Vouchsafe = ग्यारेन्टी गर्नु I can vouchsafe you a good return on your investment तिम्रो लगानीको राम्रो प्रतिफल आउँछ भन्ने कुराको म ग्यारेन्टी गर्न सक्छु ।

Wrangle = झगडा गर्नु After the death of the father all the sons started wrangling over the inheritence बाबुको मृत्युपछि सबै छोराहरू अंशको कुरालाई एक अर्कासँग झगडा गर्न थाले ।

Approbation = अनुमती Awaiting the approbation of the court, he had to pass three weeks in district headquarter अदालतको अनुमतीको प्रतिक्षामा उसले जिल्ला सदरमुकाममा तीन हप्ता बिताउनु पर्यो ।

Brocade = बुट्टा भएको कपडा The sofa was covered with expensive brocade fabric सोफा बुट्टा भएको महँगो कपडाले छोपिएको थियो ।

# Cut बाट के के कुरा भन्न सकिन्छ थाहा पाउनुहोस्

Cut through = चिर्नु To cut through hard timber one needs a powerful saw कडा काठ चिर्नको लागि बलियो करौतिको आवश्यकता पर्छ ।

Cut oneself = घाउ बनाउनु He cuts himself always when he shaves दाह्री काट्दा उसले जहिले पनि घाउ बनाउँछ ।

Cut somebody's something on = कसैको केहि चिज काट्नु She cut her finger on a piece of broken glass फुटेको सिसाको एक टुक्राले उनको औंला काट्यो ।

Cut somebody's throat = काटेर मार्नु He found in forest cut his throat जंगलमा काटेर मारेको अवस्थामा उ भेटियो ।

Cut something to = मिलाएर काट्नु We cut these flower to decorate the podium मंच सिंगार्न भनी हामीले यी फूलहरू मिलाएर काटेका हौं ।

Cut something for somebody = कसैको लागि केहि चिज काटिदिनु Please cut a piece of cake also for me मेरा लागि पनि एक टुक्रा केक काटिदेउन ।

Cut into = बराबरी पारेर काट्नु Cut this apple into two halves यो स्याउलाई दुई बराबरीको टुक्रा पार ।

Cut something to = गर्दै काट्नु The minister cut the tape to inaugurate the new building मंत्रीले रिबन काट्दै नयाँ भवनको उद्घाटन गर्यो ।

Cut something in = प्वाल पार्नु He cut several holes in a piece of paper एक टुक्रा कागजमा उसले थुप्रै प्वाल पार्यो ।

Cut somebody's something = कसैको केहि काट्नु He has gone out to cut his hair ऊ कपाल काट्न बाहिर निस्केको छ ।

# पोएट आइडल निलमको साहित्यिक यात्रा



नेपालकै पहिलो कविता रियालिटी शो 'द पोएट आइडल' को विजेता बनेपछि निलम गुरुङको व्यस्तता अहिले बढेको छ । शुक्रबारमात्रै नेपालकै पहिलो पोएट आइडल बनेकी निलमलाई अहिले अन्तर्वार्ता दिनमै फुर्सद छैन । उनले पोएट आइडलको विजेता बनेर १० लाख नगद र पाँच लाख बराबरको पुस्तक सम्झौता पुरस्कार पाएकी छन् । सिक्किममा जन्मेर हुर्किएकी ३१ वर्षीया निलम आइडलको टाइटल जित्दा एकदमै खुसी भएको बताउँछिन् ।

'टाइटल जित्न पाउँदा एकदमै खुसी भएकी छु,' उनी भन्छिन्, 'अब भने प्रतिस्पर्धा सुरू भएको छ । किनभने अब कसरी यो उपाधिलाई न्याय दिने र कसरी आफ्ना कविताहरूलाई अझ राम्रो बनाएर अगाडि लैजाने भन्ने चुनौती र जिम्मेवारी थपिएको छ ।' कुनै पनि उपाधिमात्र जितेर केही नहुने उनी जिकिर गर्छिन् । साहित्य क्षेत्रलाई कसरी अगाडि बढाएर उपाधिलाई न्याय दिन सकिन्छ भनेर लाग्नुपर्नेमा उनी जोड दिन्छिन् । निलमले कविता लेख्न थालेको नौ वर्ष भयो । पहिलोपटक स्कुलबाट घर फर्किंदा एउटा नानीले पैसा माग्दा हात खुट्टा छ काम गरेर खानुपर्छ भनेर भन्दा ती बच्चाले आफ्नो कथा सुनाउँदा मन छोएको उनी बताउँछिन् ।

'सामान्य हातखुट्टा भएका मानिसले पैसा माग्दा हामीले काम गरेर कमाउनुपर्नेमा जोड दिन्छौं,' उनी भन्छिन्, 'मैले पनि त्यसबखत त्यही भन्दा उसले आफ्नो आमा भर्खरै बितेको बताएकी थिइन् ।' त्यसबेला उनले 'सानो बेलाको व्यथा' कविता लेखेको बताइन् । पोएट आइडलले नै सिक्किमदेखि नेपाल ल्याइदिएको उनी बताउँछिन् । 'पहिलेदेखि नै नेपाल आउने इच्छा थियो,' उनी भन्छिन्, 'पोएट आइडलले नै त्यो सौभाग्य जुराइदियो ।'

निलम कविता पुग्नपर्ने भुईंमान्छेमा पुग्न नसकेको जिकिर गर्छिन् । पहिले सुरुआतीका चरणमा आफ्ना भावनाहरू पोख्न मात्र कविता लेख्थिन् । तर बिस्तारै कविले लेखेका कविताले समाज परिवर्तन गर्न सक्ने हैसियत राख्ने बुझिन् । त्यसपछि उनमा कविताप्रति मोह झन् बढ्दै गयो । अनि कविताबारे अध्ययन गर्न थालिन् ।

'पहिलेदेखि सिर्जना गर्न रूचाउने भएता पनि कलेज पढ्ने बेलासम्म पनि मलाई कुनै कविताले प्रभावित गर्न सकेको थिएन,' उनी भन्छिन्, 'सायद मैले पढ्न नरूचाएर पनि होला । कविताले जुन चर्चा र परिचर्चा पाउनुपर्ने थियो त्यो पाएको थिएन र मैले कविता पढ्नुपर्छ भनेर थाहा पाइनँ ।'

सिक्किममा निलम कक्षा १० सम्मका विद्यार्थीलाई पढाउँछिन् । उनी शिक्षण पेशामा लागेको ६ वर्ष भयो । निलम आफूले पाएको उपाधि आफ्ना विद्यार्थीमार्फत् प्रस्तुत गर्ने योजना रहेको बताउँछिन् । यस्तै समय-समयमा पहिलेकै कविता दर्शकस्रोता समक्ष पस्किरहने उनको भनाइ छ ।

### सुडोकु-अंक ३००

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ४ | | ५ | | | | | |
| | | २ | | | १ | | ३ | |
| ८ | | | ३ | | | | | ६ |
| ५ | | | | | ६ | | १ | ३ |
| | | ८ | | २ | | ४ | | |
| ४ | ३ | | ७ | | | | | २ |
| १ | | | | | ९ | | | ८ |
| | ५ | | ६ | | | ९ | | |
| | | | | | ७ | | ५ | |

### अंक २९९ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६ | ८ | ३ | ५ | ७ | २ | ४ | ९ |
| ५ | २ | ९ | ४ | ८ | ६ | ३ | १ | ७ |
| ३ | ४ | ७ | २ | ९ | १ | ६ | ८ | ५ |
| ६ | ७ | ३ | ५ | २ | ४ | ८ | ९ | १ |
| ९ | ५ | ४ | ६ | १ | ८ | ७ | ३ | २ |
| ८ | १ | २ | ९ | ७ | ३ | ४ | ५ | ६ |
| ७ | ९ | १ | ८ | ३ | २ | ५ | ६ | ४ |
| ४ | ३ | ५ | ७ | ६ | ९ | १ | २ | ८ |
| २ | ८ | ६ | १ | ४ | ५ | ९ | ७ | ३ |

# Non-aligned Movement--Powerful Motive Force for Global Independence

As an important component of the world anti-imperialist and independent forces, the non-aligned movement serves as a powerful motive force in the struggle for global independence.

Through history, the non-aligned movement has fulfilled its duty as a powerful motive force for global independence in the progressive people's struggle for independence, peace and progress from the first period of its development up to now.

The non-aligned movement serves a powerful motive force in the struggle for global independence because it has been expanded and strengthened its ranks constantly with developing countries and progressive countries aspiring after anti-imperialism and independence in the whole period of its historical development. Unlike the first period of its formation, it has become the most wide-ranging international movement covering many population and over 120 countries in the 5 continents of the world.

It is also because it has made active efforts to repulse the imperialist aggression and intervention and settle all problems arising in the international arena in keeping with demand and interests of the progressive people, with anti-imperialism and independence as its basic ideal and banner.

Balance of forces between the progressive and the reactionary has been changed remarkably and the global independence process promoted dynamically by the definite position and positive role of the non-aligned movement as a powerful motive force for global independence.

In the present century, too, the non-aligned movement becomes the progressive movement that opposes all sorts of domination and subordination and aspires after independence, the strong revolutionary force of the present era that confronts with imperialism and the powerful force for global independence. Today the non-aligned movement holds full-fledged position in the international arena and its role is being enhanced as the days go by.





May Day Stadium with the largest number of seats in the world and Rungna People's Recreation Ground seen from Moran Hill



A limpid stream meandering through valleys








**Moran Hill in April**

In April, Pyongyang, the capital of the Democratic People's Republic of Korea, glows with the beautiful spring colours. The place, which offers the best spring view of the garden city, is Moran Hill standing in its central part. In particular, the spring scenery seen from the Ulmil Pavilion on the hill, which was built in the mid-sixth century, has been regarded as one of the eight famous scenes of Pyongyang from olden times.

The turrets of the old walls built on the cliffs of the hill provide a panoramic view of the city's modern streets, as well as historical remains of more than a thousand years ago. Moran Hill in April is an enchanting blend of natural beauty and artificial beauty.



ChilsongGate covered with full-blown azaleas and forsythias

(The gate is associated with a legendary tale that girls used to give a send-off at the gate to their lovers leaving for battlefields in a war



Moran Hill ablaze with morning glow



A gazebo

(Similar gazebos have been newly built on Moran Hill so that people can enjoy the spring view.)

**Pyongyang in Spring**

Spring has come to Pyongyang, the capital of the Democratic People's Republic of Korea, and the city is ablaze with all colours of beautiful flowers. The pedestrians in the streets also glow with optimism, hope, joy and happiness, adding more to the brilliance and liveliness of the city.

## वैकल्पिक...

व्यवसाय र विद्यालयहरूमा योग्यतातन्त्रको अवलम्बन सिंगापुरको सफलताको आधार मानिन्छ। जनताका विश्वासका मुख्य बाहक भनेका राजनीतिक नेतृत्व नै हुन् भने त्यसपछि सार्वजनिक पदाधिकारीहरू र सुशासनका अन्य पात्र। यी सबैले जनताको हितका पक्षमा इमानदार प्रयास गरेमा देशमा सुशासन कायम गर्न धेरै समय लाग्दैन। तर हामीकहाँ परम्परागत ठूला दलहरू र तिनको नेतृत्वले प्रियतावादी उत्ताउलो कामबाहेक अरु गरेनन्। प्रणाली बसाएर सुशासन दिन सकेनन्। हितोपदेशमा भनिएको छ– 'जहाँ जीविका, अभय, लज्जा, सज्जनता एवं उदारता हुँदैन त्यहाँ बस्नु हुँदैन।' सुशासनको लगाम समाउने नेताहरूले जनतामा नैराश्यता उत्पन्न गराएकैले मतदाताले ब्यालेटमार्फत विद्रोह सुरु गरेका हुन्। ली क्वानको यो भनाइ प्रेरणादायी छ– 'सिंगापुरमा स्वच्छ, निष्पक्ष, धाँधलीरहित र पैसा बिनाको चुनावले सरकारलाई इमानदार रहन सहयोग गरेको छ। तर सिंगापुर त्यतिबेलासम्म इमानदार र स्वच्छ रहनेछ जतिबेलासम्म सक्षम र इमानदार व्यक्ति नै निर्वाचित हुन्छन् र सरकारमा जान्छन्।

लुई चौधौंले 'म नै राज्य हुँ' भने। लुई पन्ध्रौंले 'म मरेपछि प्रलय होस्' भने। रुसका जार निकोलस द्वितीयले 'मेरा चिरस्मरणीय बाबुले जस्तै निरंकुशताको पालना गर्नेछु' भनेर निरंकुशताको तरबार चलाए। तत्कालीन हँगेरीको सत्तामा राज गरेका क्रुर शासक अट्टिला द हुन्' भन्ने गर्थे– मैले पाइला राखेको जमिनमा उप्रान्त घाँस उम्रन पनि डराउँछ। पोलपोट, इदि अमिन, एनबर होक्सा, आयनस्मिथ, बेनिटो मुसोलोनी, एडल्फ हिटलर, अगस्टो पिनासे, निरो क्लाउडियस, मार्कोस, सुहार्तो, मोबुतु, डुम्यलियर जस्ता क्लेप्टोक्रेसहरूले राष्ट्रको ढुकुटी नै डकैत गरेर देशलाई कंगाल बनाए। लोकतन्त्रको नाम जपेर कुशासन ल्याउने नेता असंख्य छन्। राज्य, निजी क्षेत्र, राजनीतिक दलदेखि नागरिक समाजसम्मको भूमिकाले देशको सुशासन निर्धारण हुन्छ। यीबाहेक अनौपचारिक सल्लाहकार, किचेन क्याबिनेट, स्वार्थ समूहहरूले सुशासनलाई आकार दिन महत्वपूर्ण भूमिका खेल्ने गर्छन्। संगठित आपराधिक सिन्डिकेट र शक्तिशाली व्यापारिक घरानाहरूले यसलाई कमजोर त पार्ने गर्छन् तर दूरदर्शी नेताहरू रुपान्तरणकारी नेतृत्व दिएर परिवर्तनका सहयोगी मात्र बन्दैनन् सफल रुपमा राज्यका सबै संस्थाहरूलाई पुनः आकार दिन र पुनः आविष्कार गर्न सक्षम हुन्छन्। यिनीहरू इतिहासका पात्र मात्र हुँदैनन्, इतिहास नै निर्माण गर्छन्। तर दुर्भाग्य भन्नुपर्छ नेपाल र नेपालीले यस्तो राजनेता कहिल्यै पाएनन्। कुनै पनि नेताहरूसँग देश बनाउने कुनै मिसन, भिजन र डेडिकेसन देखिएन। परम्परागत ठूला दलमा आइडल र आइडोलोजी छैन। मूर्खबाट होइन बेइमानबाट शासित भएका छन् जनता। स्लोभेनियन दार्शनिक जिजेक भन्छन्– जब राजनीति भ्रष्ट हुन्छ जनताको जीवन तहसनहस हुन्छ। नेपालमा अहिले यही भइरहेको छ।

पार्टी भनेको जनस्तरबाट गठित राजनीतिक सहकारी हो। जनता नेता र कार्यकर्ताको सामूहिक गठबन्धन नै पार्टी हो। पार्टीमा लगानी भएको हैसियतले पार्टी माथिको स्वामित्व र सम्पत्तिमाथिको विशेषाधिकार पनि जनता र कार्यकर्ताप्रति उत्तरदायी बन्न पुग्छन् र नेतृत्व व्यक्तिवादी निरंकुश बन्न पाउँदैन। विचार र राजनीति भनेको कार्यदिशा र कार्यक्रमको उचित संयोजन हो। कार्यक्रम छ तर कार्यदिशा छैन भने त्यो पार्टी दीर्घकालसम्म टिक्न सक्दैन। न त त्यसले विशाल आकार नै लिन सक्छ। पार्टी ठूलो हुन व्यापक जन सम्बन्ध, जनकार्यशैली जनउत्तरदायी पारदर्शी नेता र कार्यकर्ताहरूको विशाल जमात आवश्यक हुन्छ। यो पूरा हुन पार्टीसँग सही विचार, पार्टीप्रति जनताको अपार विश्वास र भरोसा कायम हुनुपर्छ। परम्परागत ठूला दलहरू कांग्रेस, एमाले, माओवादी केन्द्र विस्तारै विघटनको दिशातिर जाँदैछन् भन्ने संकेत हालैको उपनिर्वाचन परिणामले गरेको विश्लेषण गर्न थालिएको छ। यसो हुनुमा यी दलहरूप्रति जनताको विश्वास र भरोसा उठ्दै गएको देखिँदैछ।

०४६ सालको राजनीतिक परिवर्तनपछि कांग्रेस र एमालेले पालैपालो देश लुटे। ०६४ देखि त्यसमा माओवादीहरू पनि हिस्सेदार बने। देश झन् कंगाल बन्दै गयो। जनता आश्वासन होइन परिणाम चाहन्छन्। जनताले राष्ट्रिय स्वतन्त्र पार्टीलाई विकल्पको रुपमा लिनुपर्ने अवस्था यही कारणले आएको हो। भ्रष्टाचारमुक्त सुशासन, जनजीविकाको ग्यारेन्टी, विकास समृद्धिको नारा दिएको रास्वपाप्रति जनसुनामी नै प्रकट भएको छ।

जनतामा व्याप्त नैराश्यतालाई क्यास गर्दै उक्त पार्टीले बजाएको घन्टीले परम्परागत ठूला दललाई सिध्याउने संकेत देखिएको छ। जनता दलकै दास त हुन। हामीले भनेपछि मानिहाल्छन् भन्ने देउवा, ओली, प्रचण्डहरूलाई मतदाताले ब्यालेट विद्रोह गरेर चोटिलो झप्पु हानेका छन्। अब यी नसुध्रिए आउने निर्वाचनमा सिद्धिने उपनिर्वाचनले संकेत गरेको छ। ४ मंसिरको चुनावमै राम्रो छनक देखाएको रास्वपाले उपचुनावमा पाएको जनसमर्थन चमत्कारिक रहेको छ। यस किसिमको परिणाम आउनुमा रास्वपाका युवा नेताहरूप्रति मतदाताको भरोसा त हो नै कांग्रेस र एमाले जस्ता पुराना पार्टीप्रतिको मोहभंग र वितृष्णालाई पनि बिर्सन सकिँदैन।

रास्वपाको जनाकर्षण देशव्यापी रुपमा रहेको गत मंसिर ४ को निर्वाचनले देखाइसकेको छ। हालैको उपनिर्वाचनमा रास्वपाले प्राप्त गरेको मतादेशले आगामी निर्वाचनमा ठूला दलहरूलाई लल्कारिसकेको छ। यस्तै मधेसमा सिके राउत नेतृत्वको जनमतले प्रभाव विस्तार गर्दै लगेको छ। मधेसबाट कांग्रेस र एमाले विस्तारै बढारिने निश्चित जस्तै देखिएको छ। सुदूरपश्चिममा केही अस्तित्वमा रहेको माओवादी पनि नागरिक उन्मुक्ति पार्टीसँग टक्कर लिन नसक्ने अवस्थामा पुगिसकेको छ। यसले नेपालको भावी राजनीतिक परिदृश्य बदलिने निश्चित रहेको विश्लेषकहरू बताउँछन्।

## अमेरिकाको...

उत्पन्न हुने शंका गरिएको थियो। फस्ट रिपब्लिकन टाट पल्टिएपछि अमेरिकाको फेरेडल रिजर्भले भने अमेरिकाको बैंकिङ प्रणाली निकै मजबुत र उत्थानशील रहेको पुनः दावी गरेको छ। बचतकर्ताहरूले रकम झिक्न थालेपछि रिजर्भले वित्तीय बजारलाई स्थायित्व दिन आपत्कालीन कदम चालेको छ। मार्चमा अमेरिकामा ठूला बैंकहरूको समूहले फर्स्ट रिपब्लिकन बैंकलाई स्थायित्व दिनका लागि ३० अर्ब अमेरिकी डलर उपलब्ध गराएका थिए तर त्यो टाट पल्टिनबाट रोक्न भने सकेन। रिपब्लिकन बैंक १९८५ मा स्थापना भएको थियो। मध्यस्तरको बैंकमा पर्दथ्यो।

## एसिया...

बनाएको अवस्थामा वर्षा सुरु भई खेल अवरुद्ध हुन पुगेको थियो। २००५ मा पाकिस्तानमा भएको एसीसीको बैठकले २००२ को एसीसी ट्रफीबाट छनोट भएर आएको एक संस्करण हटाउँदै २००६ मा एसिया कप आयोजना गर्ने निर्णय गरेपछि नेपाल झन्डै दुई दशक अगाडि नै भारत र पाकिस्तानसँग एकदिसीय अन्तर्राष्ट्रिय खेल्न वञ्चित भएको थियो। एसिया कपमा छनोट भएको भने यो दोस्रो पटक हो। २००२ मा पनि नेपाल एसिया कपका लागि छनोट भएको थियो। सिंगापुरमा भएको एसीसी ट्रफीको फाइनलमा पुग्दै नेपाल एसिया कपका लागि छनोट भएको थियो।

एसीसी ट्रफीको फाइनलमा पुगेका दुई टोली यूएई र नेपाल एसिया कपका लागि छनोट भएका थिए। नेपालले मलेसिया र यूएईले हङकङलाई सेमिफाइनलमा पराजित गरेका थिए। मलेसियालाई निकै रोमाञ्चपूर्ण सेमिफाइनलमा पराजित गरेपछि नेपाली खेलाडी पेभिलियनमा आएर प्रशिक्षक रोय लुक डायसको अंगालोमा हाल्दै रोएका थिए।

राजु खड्काको कप्तानीमा नेपालले सिंगापुरमा उत्कृष्ट खेल खेल्दै समूहचरणमा ओमान, कतार, कुवेतलाई पराजित गरेको थियो। यूएईसँग पराजित भए पनि समूह उपविजेताको रुपमा सेमिफाइनलमा पुगेको नेपालले मलेसियामाथि उत्कृष्ट पुनरागमन गर्दै २५ रनको विजय हात पारेको थियो।

नेपाल समूहचरण र फाइनलमा यूएईसँग समान ६ विकेटले पराजित भएको थियो। राजु खड्काले एसिया कपमा छनोट हुनु नेपाली क्रिकेटको सबैभन्दा ठूलो दिन भएको बताउँदै एसिया कप खेल्न व्यग्र भएको जनाएका थिए। २००२ मै न्युजिल्यान्डमा भएको आईसीसी यू-१९ विश्वकपको प्लेट फाइनलमा पुगेपछि नेपालले सिंगापुरमा एसीसी ट्रफीबाट एसिया कपको ढोका खोलेको थियो। न्युजिल्यान्डमा यू-१९ विश्वकपको प्लेट फाइनल पुगेका ७ खेलाडीले सिंगापुरमा नेपालबाट एसीसी ट्रफी खेलेका थिए। तर भारत र पाकिस्तानबीच कारगिलमा युद्ध चलिरहेको थियो। भारतले पाकिस्तानसँग खेल्न अस्विकार गरेपछि नेपाल र यूएई छनोट भएर पनि एसिया कप खेल्न बन्चित भएको थियो।

२००५ मा पाकिस्तानमा भएको एसियाली क्रिकेट परिषद् (एसीसी) को बैठकले २००२ को एसीसी ट्रफीबाट छनोट भएर आएको एक संस्करण हटाउँदै २००६ मा एसिया कप आयोजना गर्ने निर्णय गरेपछि नेपाल झन्डै दुई दशक अगाडि नै भारत र पाकिस्तानसँग एकदिसीय अन्तर्राष्ट्रिय खेल्न वञ्चित भएको थियो।

नेपालबाट पाकिस्तानमा भएको एसीसी बैठकमा उपाध्यक्ष तारिणी विक्रम शाहले सहभागिता जनाएका थिए। तत्कालीन अध्यक्ष जयकुमार नाथ शाह अस्वस्थ रहेको समयमा बैठकमा सहभागी भएर आएपछि उपाध्यक्ष शाहले यूएई र नेपाल खेल्ने एसिया कपको बारेमा आफूहरूको आवाजको कुनै सुनुवाई नभएको प्रतिक्रिया दिएका थिए।

यसैबीच सरकारले एसिसी प्रिमियर कपको उपाधि जितेका नेपाली क्रिकेट खेलाडीहरूलाई जनही ६ लाख रुपैयाँका दरले पुरस्कार दिने निर्णय गरेको छ। बुधबार बसेको मन्त्रिपरिषद बैठकले क्रिकेट खेलाडीलाई जनही ६ लाख र राष्ट्रिय क्रिकेट टिमका अफिसियललाई जनही ३ लाख रुपैयाँ दिने निर्णय गरेको सरकारकी प्रवक्ता रेखा शर्माले जानकारी दिइन्। मंगलबार भएको एसिसी प्रिमियर कपको फाइनलमा नेपालले युएईलाई ७ विकेटले हराएको थियो। बैठकले त्रिवि क्रिकेट मैदान अन्तर्राष्ट्रियस्तरको बनाउन आगामी आर्थिक वर्षमा बजेट बिनियोजन गर्ने निर्णय पनि गरेको छ।

## राष्ट्रपति...

आग्रह गरेका थिए। स्वास्थ्यमा समस्या देखिएपछि यही वैशाख ६ गते भारत गएका राष्ट्रपति पौडेल गत आइतबार राति स्वदेश फर्किएका थिए। स्वदेशमा उपचार नगरी विदेश गएको भनी कतिपयले राष्ट्रपति पौडेलको आलोचना गरिरहेका बेला उनी आफैँले उपचार खर्च बेहोर्ने घोषणा गरेका हुन्।

## राजनीतिक...

पक्रन खोज्दैछ। रामबहादुर, टोपबहादुरका छोराहरूलाई किन प्रहरी पक्रन खोज्दैन ? जबकि टोपबहादुरका छोराको नाममा डेढ करोडको चेक प्रहरीले भेटिसकेको छ। प्रहरी संगठन राजनीतिक नेतृत्वको दबाबमा छ। अवकाश हुनासाथ प्रहरी उच्च अधिकृतहरू राजनीतिक दलमा सामेल भएर चुनावमा टिकट लिएर उठ्छन्। उनीहरूले प्रहरी संगठनमा रहुन्जेल त्यही पार्टीको बफादारी गरेका कारण पार्टीले टिकट दिन्छ। नवराज सिलवाल सर्वेन्द्र खनाललाई हेरे पुग्छ।

नब्बेको दशकमा दक्षिणी भुटानबाट झन्डै लाखको संख्यामा नेपाली भाषी भुटानीहरूलाई त्यहीँको जिग्मे सिग्मे वाङ्चुकको शाही फौजले लखेट्यो। थातबास खोसिएका भुटानीहरूलाई भारत सरकारले ट्रकमा लोड गरेर मेची पुल कटाइदियो। भारतकै प्रत्यक्ष संलग्नतामा नेपाली भाषी भुटानीहरूको उठिबास गरियो। भुटान भारतको संरक्षित राज्य भएकाले भारतको चाह बिना भुटान एक्लैले यस्तो दुस्साहस गर्न सायद सक्दैनथ्यो। भुटानको परराष्ट्र र सुरक्षानीति भारतले नै तय गर्ने गर्छ। नेपाली भाषी भुटानीहरूबाट भुटानको सुरक्षामा भारतले के खतरा महसुस गर्‍यो र भुटानी नेपालीहरूलाई उठिबास लगायो भन्ने कुरा भारतले अझै बताएको छैन।

नेपालमा आश्रय लिएका भुटानीहरूले स्वदेश फर्कनका लागि अथक प्रयास गरे पनि सफल भएनन्। बरु उनीहरूलाई अमेरिका लगायत पश्चिमा मुलुकहरूमा स्थान्तरण गरियो। तिब्बती शरणार्थीलाई नेपालमै राख्ने भुटानी शरणार्थीहरूलाई भने आआफ्ना देशमा लान पश्चिमा मुलुकहरू राजी भए। तिब्बती शरणार्थीहरूबाट चीन विरोधी आन्दोलन जब गराउनु छ भने अमेरिका लगायत उसका पिछलग्गु पश्चिमा देशहरूले किन उनीहरूलाई स्थान्तरण गर्थे ? प्रायशः भुटानीहरू अमेरिका लगायत विभिन्न देशमा लगिए। तेस्रो देश पुनर्वास जान नपाएका भुटानी शरणार्थीहरू अझै धेरै छन्। उनीहरूका समस्या समाधानका लागि २०७६ असार २९ गते केपी शर्मा ओली नेतृत्वको तत्कालीन सरकारले २०७६ असार २९ गते मन्त्रालयका सहसचिव बालकृष्ण पन्थीको संयोजकत्वमा कार्यदल गठन गरेको थियो। सो कार्यदलको प्रतिवेदन हालसम्म सार्वजनिक गरिएको छैन।

तर त्यो प्रतिवेदन केशव दुलालहरूको हातमा पर्‍यो। उनीहरूले प्रतिवेदनका उपसूची थपेर छुटेका तेस्रो मुलुकमा जान चाहने शरणार्थी भन्दै नक्कली सूची तयार पारे। सो सूचीमा झापा, मोरङ, सुनसरी, गोरखा, कास्की, बाग्लुङ, अर्घाखाँची दाङ लगायत जिल्लाका ८ सय ७५ जना नेपाली नागरिकको लिस्ट तयार पारे। नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने सूचीमा राखेका व्यक्तिबाट जनही १० देखि ५० लाखसम्म गिरोहले उठायो। कयौंलाई शरणार्थीका रुपमा नक्कली कार्डसमेत बनाइदिए। दुलाल लगायत टोपबहादुर रायमाझीका छोरा सन्दिप, इन्द्रजितका छोरा निरज, रामबहादुर थापा बादलका छोरा प्रतीकहरू पैसा उठाउने गिरोहमा सामेल भए। छोरो के गर्दैछ भन्ने कुरा के तत्कालीन गृहमन्त्री थापालाई थाहा थिएन ? करोड पैसा ल्याएर छोराले श्रीमती नैनकलालाई दिएको कुरा के श्रीमतीले थापालाई मानेनन् होला। यी सबैलाई प्रहरीले समाएर अनुसन्धान गरे थप रहस्य अवश्य उजागर हुनेछ।

आश्चर्य के छ भने राजनीतिक तहको संरक्षण प्राप्त कुनै पनि काण्डमा न त अख्तियारले अनुसन्धान गर्छ न प्रहरीले। नक्कली भुटानी शरणार्थी बनाउने गिरोहलाई संरक्षण गर्ने तत्कालीन गृहमन्त्री रामबहादुर थापा, टोपबहादुर रायमाझी, सुजाता कोइरालाहरूलाई प्रहरीले छुन नसक्नु विडम्बनापूर्ण छ। टोपबहादुर र सुजाताको बढ्दो हिमचिमलाई धेरैले बुढेशकालको इस्क भनेर पनि गिज्याउँथे। तर चुरो कुरा मानव तस्करी रहेछ भन्ने अहिले बल्ल खुलेको छ। आफू स्पोटमा नदेखिने तर छोराहरूलाई उतारेर पैसा कुम्ल्याउने धन्दा गर्ने बादल, रायमाझी, सुजातालाई प्रहरीले पक्रन हिम्मत गर्नुपर्छ।

तत्कालीन गृहमन्त्री थापाका सुरक्षा सल्लाहकार इन्द्रजितले ५ करोड भागी पाए भने गृहमन्त्रीले कति लिए होलान् ? टोपबहादुर, सुजाताले कति बुझे ? सुजाता पहिले परराष्ट्रमन्त्री हुँदा पनि युवाहरूलाई विदेश पठाउने धन्दामा मुछिएकी हुन्। उनका तत्कालीन स्वकीय सचिव भरत सापकोटाले यस्तो खेती गरेका थिए। सुजाताको चाख बिना भरतले यस्तो काम गर्ने हिम्मत अवश्य गरेका थिएनन्। त्यसबेला मुलुकमा गिरिजा कोइरालाको रापताप थियो। भरत पक्राउ परेनन्। सुजातालाई त कसले औंला ठड्याउन सक्ने ? टोपबहादुर ऊर्जामन्त्री हुँदा कसरी घूस खान्थे विद्युत्का पूर्व हाकिमहरूलाई सोधे पुग्छ। भ्रष्ट घुस्याहा हुँदाहुँदा नेपाली नागरिक नै बेच्ने यिनीहरूलाई प्रहरीले पाता फर्काएको हेर्न नागरिकहरू उत्सुक छन्।

## हराउँदै...

नमस्कार गर्न सिकाउने हाम्रा पुर्खामध्ये त्यसको अर्थ खुलाउनेहरू थोरै थिए। दश औंलाले हृदय छोएर, शिर झुकाएर, विनम्र बनेर अभिवादन वा प्रणाम गर्दा देवीदेवता र मान्यजन प्रसन्न हुन्छन् भन्ने प्रबल विश्वास छ। अंग्रेजी माध्यममा पढाइ हुने स्कुल-कलेजमा 'गुड मर्निङ' 'गुड आफ्टरनुन' भन्न सिकाइन्छ। त्यस्ता प्राविधिक शब्दले हाम्रो सभ्यता र संस्कृतिको अर्थ खुल्दैन।

नमस्कार गर्दा लिम्बूहरू सेवारो भन्छन्। शेर्पाहरू टासी डेले भन्छन्। ठकुरीहरू 'दर्शन' गर्छन्। तामाङहरू ल्हासो वा फ्याफुल्ला भन्छन्। रैथाने नेवारहरू ज्वज्वलप्पा भन्छन्। गुरूङहरू आशीर्वाद दिँदा 'छ्यामलँ' भन्छन्। ५२ हजार जति जनसंख्या रहेको संथाल समुदायको संस्कृति र सभ्यतामा मान्यजनलाई अत्यन्त आदर गरिन्छ तर रैथाने संथाल समाजमा पनि विदेशी धर्म र चालचलनले अतिक्रमण गर्दा संथाल समुदाय कमजोर बन्ने चिन्ता बढेको संथालका केन्द्रीय नेता सुन्दर बेस्राको तर्क छ।

नेपाल, भारत र बंगलादेशमा छरिएका संथालले आफ्नै सभ्यता जोगाएर पनि प्रगति गरेका छन्। भारतकी राष्ट्रपति द्रौपदी मुर्मु उडिसामा जन्मेकी संथाल जातिकी हुनुहुन्छ।

नेपालको निजामती प्रशासनमा विश्वदीप बेस्रा सोही समुदायको प्रतिनिधित्व गर्दै उपसचिव पदमा हुनुहुन्छ। विभिन्न जातजातिका संगीत, औषधि, खानेकुरा, रहनसहन, पोसाक, रहनसहन र सभ्यताले नेपाल नामको फूलबारी रंगीन बनेको छ। तसर्थ, यो सभ्यता बचाउन सम्बन्धित व्यक्तिहरू नै सक्रिय बन्नुपर्ने बुद्धिजीवीहरूको मत छ।

मेसोपोटामिया (इराक र इजिप्ट क्षेत्र) सभ्यताका प्राचीन भूमि मानेका छन्, केही इतिहासकारले। वेद, रामायण, गीता, महाभारत, उपनिषद्लगायतका ग्रन्थहरू लेखेर हजारौं वर्षअघिदेखि मानवलाई धेरै चेतनशील बनाए, हाम्रा पुर्खाले।

इन्डस उपत्यका, चीन, इजिप्ट र 'मेसोपोटामिया' जस्ता सभ्यताजस्तै इसापूर्व बाह्र हजार वर्षपहिलेको सभ्यताको उद्गमन खोज्ने क्रममा केही पश्चिमा अन्वेषकले नेपालको हिमालय वरिपरिबाट कतिपय जाति संसारमा फैलिएको बताएका छन्।

२०२२ मे २६ मा 'टाइम्स अफ इन्डिया' पत्रिकामा प्रकाशित शिखा गौतमको लेखमा भनिएको छ-"हिमालय क्षेत्र रहस्यमय छ। हिममानव 'यति' मात्र होइन, अरू धेरै विषय अनुसन्धानका विषय हुन सक्छन्।"

सभ्यता बचाउन त्यसबारे गहिरो गवेषणा हुनुपर्छ। हाँगाबिँगा हेरेर मूल (जरो) र माटोको साइनो बुझ्न सकिँदैन।

जनवरी १४, २०२३ मा बिबिसीद्वारा प्रकाशित एउटा आलेखमा नेपालको सनातन धर्म (प्राचीन धर्म) संकटमा परेको संकेत गरिएको छ। पछिल्लो संविधान आएपछि 'स्वर्णयुग' आएको विश्लेषण गर्दै विदेशी धर्मका एकजना प्रचारकले भनेका छन्- "२०१६/१७ सालतिर हिन्दु र बौद्ध धर्म त्यागेर विदेशी धर्म स्वीकार्नेहरू ४५८ मात्र थिए तर हाल सो संख्या ५ लाख ४५ हजार भन्दा धेरै छ।" सो आलेखमा २१ पुस्ता पण्डित रहेको परिवारका वंशज तथा पूर्व पुरोहित डिल्लीराम पौडेलजस्ता सनातन धर्मावलम्बीले समेत स्वधर्म त्यागेको उदाहरण दिइएको छ। नेपालका सनातन सभ्यता मास्न चौतर्फी हमला भइरहेको जगजाहेर छ। प्राचीन धर्म/संस्कृति अभाव, अशिक्षा र रोगको जड हो भनिएको छ। त्यसो हो भने विदेशी धर्म, संस्कृति, सभ्यता र परम्परा स्वीकार्ने विश्वका करोडौं जनता किन सुखी, सम्पन्न, शिक्षित, निरोगी र खुसी छैनन् ? नाइजेरियाका क्रिस्चियन गुरु फेमी ओसुनीले लेखेका छन्-"तिमी क्रिस्चियन भएमा धनी हुने पक्का छ भनेर बाइबलमा लेखिएको छैन।"

सुदूर गाउँदेखि सहरका गल्ली/गल्लीमा 'धर्म परिवर्तन' गराउँदै हिँड्नेहरू भनिरहेका छन् -"तपाईले हाम्रो कुरा मानेको खण्डमा रोग, भोक, अशिक्षा सबैबाट मुक्त बन्नुहुनेछ।"

सिधै सभ्यतामाथि प्रहार गर्नेहरूलाई सहज बनाउन राष्ट्रलाई नै 'धर्म निरपेक्ष' घोषणा गरिएको रहेछ भन्ने कुरा नेपालीहरूले बिस्तारै बुझ्न थालेका छन्। तसर्थ सभ्यता बचाउने हो भने राष्ट्रलाई रसातल र पराधीन अवस्थामा पुर्‍याउने सबै दस्तावेज पोल्नुपर्छ र नेपाली जति एकै स्वरमा बोल्नुपर्छ।

## आर्थिक...

लिएको लक्ष्य पुरा हुन नसक्ने भन्दै लक्ष्य भन्दा कम हुने पुर्व अर्थमन्त्री बिष्णु पौडेलले बताएका थिए। यो सँगै वश्व बैंक र एसियाली विकास बैंकले ४.१ प्रतिशतको वृद्धि हासिल हुने प्रक्षेपण यो भन्दा अघि गरिसकेको छ।

गत वर्ष आर्थिक वृद्धिदर ५.६ प्रतिशत थियो। उक्त समयमा कार्यालयले ५.४ प्रतिशत वृद्धि हासिल हुने अनुमान गरेको थियो। कार्यालयको अनुसार चालू वर्षको पहिलो त्रैमासिकमा १.७ प्रतिशत रहेको आर्थिक वृद्धिदर दोस्रो त्रैमासिकमा १.१ प्रतिशत ऋणात्मक थियो। वर्षको सुरूका महिनामा लगाइएको आयात प्रतिबन्धका साथै माग र आपूर्तिको कमीले आर्थिक वृद्धिमा प्रभाव देखिएको आकलन गरिएको छ।

विभागका अनुसार नेपालको अर्थतन्त्रको आकार ५३ खर्ब ८१ अर्ब रूपैयाँ पुगेको छ। यसमा कृषि क्षेत्रले २४.१६ प्रतिशत योगदान गरेको छ। चालू वर्षको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रले २४.६ प्रतिशत योगदान दिने प्रारम्भिक अनुमान छ। धान लगायतका बर्षे वालीको उत्पादन बढे पनि हिउँदे बाली, दूध, अन्डा र मासु उत्पादनमा आएको कमीले प्राथमिक क्षेत्रमा उल्लेखनीय वृद्धि हुन नसकेको पनि कार्यालयले जनाएको छ।

चालू वर्षको कुल गार्हस्थ्य उत्पादनमा उद्योग, विद्युत तथा ग्याँस, पानीको आपूर्ति र निर्माणले १२.९ प्रतिशत योगदान दिने आकलन गरिएको छ। सेवा क्षेत्रको योगदान भने ६२.४ प्रतिशत रहने कार्यालयले जनाएको हो। यसअन्तर्गत थोक तथा खुद्रा व्यापार, आवास तथा भोजन सेवा, यातायात, सञ्चार तथा भण्डारण, वित्तीय मध्यस्थता, घरजग्गा कारोबार, पेसागत, प्रशासिनक तथा व्यावसायिक सेवा, सार्वजनिक प्रशासन तथा रक्षा, शिक्षा, स्वास्थ्य र अन्य सेवाहरूलाई समावेश गरिएको छ।

तथ्यांक कार्यालयको अनुसार नेपालीको औसत आम्दानी १४१० अमेरिकी डलर पुगेको छ। एकवर्षमा ३ अमेरिकी डलरले राष्ट्रिय आयको आधारमा आम्दानी बढेको हो। जीडीपीको आधारले हेर्दा भने आम्दानी स्थिर छ।

अहिले उपभोक्ता मूल्यवृद्धि ७ प्रतिशतभन्दा बढी छ। गत वर्ष १०० रुपैयाँ पर्ने सामानको मूल्य अहिले १ सय ७ रुपैयाँ पुगेको छ। तर, आम्दानी भने गत वर्षको जस्तै स्थिर देखिएको छ। यसले बढेको मूल्यवृद्धिमा उपभोक्तालाई आम्दानी नबढ्दा खर्च चलाउनसमेत मुस्किल पर्ने देखिएको छ।

कार्यालयको तथ्यांकमा अर्थतन्त्रमा योगदान गर्ने क्षेत्रहरू सबैको उत्पादन बढ्न नसकेको देखाइएको छ। उद्योगको भने चालु आर्थिक वर्षमा वृद्धिदर नै ऋणात्मक देखिएको छ। जीडीपीमा उद्योगले ५.३२ प्रतिशत योगदान दिएको प्रारम्भिक अनुमान छ। वनस्पति, तोरी, सोयाबिन तेलको उत्पादन तथा फलाम तथा स्टिल उत्पादनमा आएको कमीले उद्योग क्षेत्रमा गत वर्षको तुलनामा कुल मूल्य अभिवृद्धि २.०४ प्रतिशतले ऋणात्मक हुने अनुमान गरेको छ।यस्तो अवस्थामा सरकारले खर्च बढाउनुपर्ने र विदेशी र स्वदेशी लगानी बढाउनका लागि नीतिगत सुधारको काम गर्नुपर्ने बिज्ञहरूले बताएका छन्। मूल्यवृद्धि नियन्त्रण गर्न ब्याजदर बढाउने काम भएको उपभोग घटे पनि ब्याज खर्च बढ्दा आम्दानी घटेको छ।

## चामल...

करिब ५ लाख टनले धानको उत्पादन घटेको कृषि तथा पशुपन्छी मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार नेपालमा कुल १४ लाख ७० हजार हेक्टर जग्गा धानखेतीका लागि योग्य छ। देशभरको खेतीयोग्य जमिनको करिब ३८ प्रतिशत जमिनमा मात्र सिँचाइ सुविधा पुगेको आर्थिक सवेक्षणमा उल्लेख छ। आकाशे पानीकै भरमा धान बाली लगाउनुपर्ने बाध्यताको अन्त्य नहुँदासम्म धानमा आत्मनिर्भर हुने सरकारको लक्ष्य पुरा हुन नसकिने अवस्था देखिएको छ। नेपाललाई वार्षिक ३९ लाख ९९ हजार ६२२ मेट्रिक टन चामल आवश्यक पर्छ। सरकारले १५ जिल्लामा धान उत्पादन बृहत् कार्यक्रम सञ्चालन गर्दै आएको छ भने झापा जिल्लालाई धानको 'सुपर जोन' घोषणा गरेको छ।

कृषि तथा पशुपन्छि विकास मन्त्रालयका प्रवक्ता प्रकाशकुमार संन्जेलका अनुसार पछिल्लो समय सरकारले साना मसिना चामलको उत्पादन गर्न कृषि अनुसन्धान परिषदसंग छलफल गरिरहेको छ। उपभोक्तामा आयातीत मसिनो चामल बढी माग भएकाले सो जातिका धान उत्पादन गर्न नार्कसँग सहकार्य गरी अनुसन्धान अघी बढाउने तयारी भएको उनले बताएका छन्। उपभोक्ताहरू नेपाली चामलभन्दा आयात भएको मसिनो चामलतर्फ आकर्षि हुने गरेको देखिएको छ। धानको उत्पादन बढाउन कृषि बिमालाई समेत प्रोत्साहन गर्दै लैजाने मन्त्रालयको योजना रहेको छ। तर, त्यसो भए पनि नेपालमा वर्षेनी धान तथा चमल आयात बढ्दो क्रममा रहेको छ। गत आर्थिक वर्ष २०७८/७९ मा ४७ अर्ब ५७ करोड ३६ लाख रुपैयाँ बराबरको १ अर्ब १३ करोड केजी धान तथा चामल आयात भएको थियो। आर्थिक वर्ष २०७७/७८ मा ५० अर्ब ७८ करोड रुपैयाँ बराबरको १ अर्ब ३३ करोड केजी चामल तथा धान आयात भएको पनि विभागको तथ्याकंले देखाएको छ।

## विश्वभर...

निकाय युनेस्कोको आयोजनामा नामिबियाको विन्डहक शहरमा भएको पत्रकारहरूको सम्मेलनले 'बहुलवादी र स्वतन्त्र प्रेसको लागि विण्डहक घोषणापत्र' जारी गरेको थियो। सोही घोषणा पत्र जारी गरेको दिनको सम्झनामा सन् १९९३ देखि हरेक बर्ष यो दिवस पत्रकारहरूले उत्सवको रुपमा मनाउँदै आएका छन्। संयुक्त राष्ट्रसंघले यो दिवस मनाउने निर्णय गरेसँगै नेपालले पनि मे ३ का दिनमा विश्व प्रेस स्वतन्त्रता दिवस मनाउँदै आएको छ।

नेपाल पत्रकार महासंघले प्रभातफेरी कार्यक्रमको आयोजना गरेको थियो। पत्रकार महासंघको सभाकक्ष सञ्चारग्राम, तिलगंगामा 'प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षा वार्षिक प्रतिवेदन' सार्वजनिक कार्यक्रम आयोजना गरिएको थियो।

## बुद्ध पूर्णिमामा...

करिब १ बजेर २ मिनेटसम्म रहन्छ। यो चन्द्रग्रहणको कुल अवधि ४ घन्टा पन्ध्र मिनेटको हुनेछ। चन्द्र ग्रहणको सुतक काल ९ घन्टा अगाडीवाट सुरु हुन्छ तर यो चन्द्रग्रहण नेपालवाट भने देखिने छैन, जसकाकारण यहाँ सुतककाल मानिदैन्। यो उपछायाँ चन्द्रग्रहण हो, चन्द्रमामा पृथ्वीको छाया मात्र एउटा क्षेत्रमा मात्रै देखिने भएकाले सबैतिरवाट यो देखिदैँन्।

## एआईजी...

खटाइएको छ।'सीमाक्षेत्रबाट हुने चोरीतस्करी नियन्त्रण गर्ने अनुगमनको मुख्य जिम्मेवारीसहित उहाँहरूलाई खटाइएको हो,' प्रहरी प्रवक्ता डिआइजी कुबेर कडायतले भने, 'त्यहाँ खटिएका सुरक्षाकर्मीबाट गल्ती भएको पाइए सो टोलीले कारबाहीसमेत गर्न सक्नेछ।'

सीमामा चोरी तस्करी नियन्त्रण नहुँदा राजश्व संकलन प्रभावित भएको गृह मन्त्रालयको गुनासोपछि प्रहरीले सक्रियता बढाएको हो। एक साताको अवधि दिएर प्रधान कार्यालयले एआइजी नेतृत्वको टिमलाई नाकाहरूमा खटाएको हो।

टोलीले आइतबारदेखि यस्तो अनुगमन गरिरहेको छ, जसक्रममा केही प्रहरी कारबाहीमा परिसकेका छन्। सशस्त्र प्रहरी बलले पनि राजश्व छली रोक्ने उद्देश्यकै लागि आइतबार भारतसँगको नाकामा २१ वटा बोर्डर आउटर पोस्ट (बिओपी) थप गरेको छ।